# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २०० | काठमाडौं | शनिबार, ०१ मंसिर २०८१ | Prabhab National Daily | Saturday, November 16, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**जाडो मौसममा चिसोबाट बचौं**

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं.
- बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## दार्चुला जिप दुर्घटनामा आठ जनाको मृत्यु



**काठमाडौं (प्रस)–** दार्चुलामा जिप दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । शैल्यशिखर नगरपालिका-६ को बगजेबलामा शुक्रबार बिहान म१ज ३३८ नम्बरको जिप दुर्घटनामा परेको हो ।

मालिकार्जुनबाट गोकुलेश्वरतर्फ गइरहेको उक्त जिपमा सवार आठ जनाको मृत्यु भएको थियो । स्थानीय मालिकार्जुन मन्दिरमा लागेको जात्रा हेरेर फर्किने क्रममा दर्शनार्थी बोकेको जिप दुर्घटनामा परेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परेर दार्चुलाको शैल्यशिखर नगरपालिका-५ लेकगाउँका ३० वर्षीय वीरेन्द्र रावल, सोही ठाउँका २८ वर्षीय शान्ति रावल, शैल्यशिखर-९ नकतडका ४५ वर्षीय दिलीप विष्ट, बैतडीको डिलाशैनी-५ का १५ वर्षीय सञ्जीव बोहरा तथा भारतको उत्तर प्रदेश बिजनौर जिल्लाका ४५ वर्षीय मोहमद सफिर र सोही ठाउँका १८ वर्षीय मोहमद बसिम, शैल्यशिखर-९ गोकुलेका ३५ वर्षीया मीना लेखक र डिलासैनी गाउँपालिका-५ का वीरेन्द्रसिंह बोहराको मृत्यु भएको छ ।

मृतक विष्ट गोकुलेश्वर बहुमुखी क्याम्पसका शिक्षक तथा लेखक सोही क्याम्पसकी लेखापाल हुन् । यस्तै दुर्घटनामा मृत्यु भएका वीरेन्द्र र शान्ति श्रीमान्श्रीमती हुन् । वीरेन्द्र शैल्यशिखर नगरपालिकामा अमिन पदमा कार्यरत थिए ।

उक्त दुर्घटनामा घाइते भएका तीन जनालाई उपचारका लागि नेपाली सेनाको हेलिकप्टरमा कैलालीको धनगढी ल्याइएको छ । हेलिकप्टरमा उद्धार गरिएकामा जिप चालक दार्चुलाको मालिकार्जुन गाउँपालिका-८ का सुनिल जोशी, शैल्यशिखर-५ का सन्दीप रावल र बैतडीको डिलासैनी गाउँपालिका-५ का उत्तम रोकाया रहेका छन् । उनीहरूलाई सेती प्रादेशिक अस्पतालमा भर्ना गरिएको प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिए । दुर्घटनाका अन्य घाइतेको गोकुलेश्वरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## डिजेल र मट्टितेलको भाउ बढ्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको शुक्रबारको बैठकले शुक्रबारदेखि लागू हुनेगरी डिजेल र मट्टितेलको साविकको बिक्री मूल्यमा प्रतिलिटर तीन रूपैयाँ बढाएको हो ।

मूल्य समायोजनसँगै डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर १५० रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५२ रूपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १५३ रूपैयाँ कायम भएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौं, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ ।

इन्डियन आयल कर्पोरेसनबाट शुक्रबार प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा ०.३२ रूपैयाँ र डिजेलमा २.५४ रूपैयाँ बढेर आएकाले मूल्य समायोजन गरिएको निगमले जानकारी दिएको छ ।

विद्युत् व्यापारमा ऐतिहासिक फड्को

# नेपालको बिजुली बंगलादेशमा

बंगलादेश विद्युत् निर्यात हुनु नेपालका लागि ऐतिहासिक उपलब्धि हो । दक्षिण एसियामा दिगो ऊर्जा भविष्यका लागि आजको दिन ऐतिहासिक बनेको छ ।

**दीपक खड्का**
**ऊर्जामन्त्री, नेपाल**

भारतको प्रसारणलाइन प्रयोग गरेर दक्षिण एसियाली मुलुकमा विद्युत् विस्तार गर्ने काम सराहनीय हो । नेपालमा भारतले लगानी गरेका विभिन्न जलविद्युत् परियोजनाको सम्पन्नताले विद्युत् विस्तारमा थप सहजीकरण हुने छ ।

**मनोहरलाल खट्टर**
**विद्युत्मन्त्री, भारत**

क्षेत्रीय ऊर्जा समन्वयका लागि यस्ता सम्झौताले ठूलो सहयोग पुगेको छ । यस्ता सहकार्यले एकीकृत ऊर्जा विकासमा दक्षिण एसियाली देशलाई समृद्ध बनाउँदै दिगो विकासमा सहयोग पुग्ने छ ।

**मोहमद फजुल कबिर**
**सल्लाहकार, ऊर्जा मन्त्रालय, बंगलादेश**



**नेपालको बिजुली बंगलादेश निर्यात शुभारम्भ गर्ने क्रममा शुक्रबार ऊर्जा मन्त्रालयमा आयोजित कार्यक्रममा ऊर्जामन्त्री दीपक खड्कालगायत ।** *तस्बिर: रासस*

- २५ मेगावाटको त्रिशूली र २२ मेगावाट चिलिमेको गरी ४० मेगावाट विद्युत् बंगलादेश निर्यात सुरू
- शुक्रबार ११ घण्टा निर्यात गर्दा ३८ लाख बढी आम्दानी
- नेपालका ऊर्जामन्त्री दीपक खड्का, भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टर र बंगलादेशका ऊर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार (मन्त्री) मोहमद फजुल कबिरले गरे बंगलादेश विद्युत् निर्यातको औपचारिक सुरूआत
- पाँच महिना विद्युत् बेच्दा नेपाललाई दुई अर्ब आम्दानी हुने
- प्रतियुनिट ६.४० अमेरिकी सेन्टका दरले बिक्री हुने

**जेबी योञ्जन**

**काठमाडौं–** छ वर्षको अथक प्रयासपछि नेपालको विद्युत् बंगलादेश निर्यात सुरु भएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार शुक्रबार ११ घण्टामा ४० मेगावाट विद्युत् बंगलादेशमा सफलतापूर्वक निर्यात गरिएको हो ।

बंगलादेशमा विद्युत् निर्यात भारतको केन्द्रीय विद्युत् प्राधिकरणले अनुमति दिएसँगै सम्भव भएको हो । ऊर्जामन्त्री दीपक खड्का, भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टर र बंगलादेशका ऊर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार (मन्त्री) मोहमद फजुल कबिरले 'भर्चुअल' माध्यमबाट शुक्रबार बंगलादेश विद्युत् निर्यातको संयुक्तरूपमा औपचारिक सुरुआत गरे ।

नेपाल, बंगलादेश र भारतबीच गत १७ असोजमा त्रिपक्षीय विद्युत् व्यापार सम्झौता भएको थियो । सोहीअनुसार शुक्रबार ११ घण्टा विद्युत् बंगलादेशलाई निर्यात गर्दा नेपालले ३८ लाख ३२ हजार रूपैयाँ आम्दानी गरेको प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले जानकारी दिए ।

शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै ऊर्जामन्त्री खड्काले नेपालबाट बंगलादेश विद्युत् निर्यात हुनु नेपालका लागि ऐतिहासिक उपलब्धि भएको बताए । दक्षिण एसियामा दिगो ऊर्जा भविष्यका लागि शुक्रबारको दिन ऐतिहासिक भएको उनले उल्लेख गरे । बंगलादेशमा विद्युत् निर्यातमा सहजीकरण गर्ने भारत सरकार र विद्युत् आयत गर्ने बंगलादेश सरकारलाई उनले धन्यवाद दिए ।

भारतका विद्युत्मन्त्री खट्टरले भारतको प्रसारणलाइन प्रयोग गरेर दक्षिण एसियाली मुलुकमा विद्युत् विस्तार गर्ने काम सराहनीय भएको बताए । उनले नेपालका विभिन्न जलविद्युत् परियोजनामा भारतले लगानी गरेको बताउँदै उक्त परियोजना सम्पन्नताले विद्युत् विस्तारमा थप सहजीकरण हुने विश्वास व्यक्त गरे ।

बंगलादेशका ऊर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार खानले क्षेत्रीय ऊर्जा समन्वयका लागि यस्ता सम्झौताले ठूलो सहयोग पुगेको बताए । यस्ता सहकार्यले एकीकृत ऊर्जा विकासमा दक्षिण एसियाली देशलाई समृद्ध बनाउँदै दिगो विकासलाई सहयोग पुग्ने उनको भनाइ थियो । उनले कार्वन उत्सर्जनलाई शून्यमा झार्ने नीति लिएको बंगलादेशलाई नवीकरणीय ऊर्जाको बाटोमा जान नेपालका जलविद्युत्ले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

(क्रमशः पृष्ठ २ मा)

## सांसद बजगाईंलाई कारबाही गर्न पर्यटनमन्त्रीले गुहारे पार्टीको अनुशासन समिति



लोकतन्त्र र विधिको शासनमा यस्ता अवाञ्छित क्रियाकलापलाई कानुनको दायरामा नल्याएसम्म अराजकताले प्रोत्साहन पाई इमान र निष्ठाको उपहास हुने छ ।

**बद्रीप्रसाद पाण्डे**
**मन्त्री, पर्यटन**

**प्रभाव संवाददाता**

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले आफूविरुद्ध आफ्नै पार्टीका नेताले घूस खाएको आरोप लगाएपछि पार्टी अनुशासन समिति गुहारेका छन् । शुक्रबार मन्त्री पाण्डेले पार्टीको अनुशासन समितिमा उजुरी दिएका हुन् ।

पार्टीकै सांसद राजेन्द्र बजगाईं र मन्त्री पाण्डेबीच पछिल्ला दिनहरूमा शृंखलबद्ध जुहारी चल्दै आएको छ । एक क्यासिनो सञ्चालकले भैरहवाको क्यासिनो अनुमतिका लागि पर्यटनमन्त्री पाण्डेलाई करोड रकम दिएको बजगाईंको आरोप छ ।

पार्टीमा सहमहामन्त्री रहेका पाण्डेले संसदीय दलमासमेत उजुरी दिएका छन् । आफूविरुद्ध गलत प्रचार गरेको आरोप लगाउँदै भनेका छन्, 'नेपाली कांग्रेसको निर्वाचित माननीय सांसदले पार्टीको आन्तरिक अनुशासन र मेरो व्यक्तिगत इमान तथा निष्ठामा धावा बोल्नेगरी भए गरेका निराधार आरोपले मेरो व्यक्तिगत भावनामाथि मात्र गम्भीर चोट नपुगी पार्टीको विचार, सिद्धान्त र आदर्शमासमेत आँच पुगेको छ ।'

मन्त्री पाण्डेले बजगाईंलाई कानुनी दायरामा ल्याएर कारबाही गर्नसमेत माग गरेका छन् । 'लोकतन्त्र र विधिको शासनमा यस्ता अवाञ्छित क्रियाकलापलाई कानुनको दायरामा नल्याएसम्म अराजकताले प्रोत्साहन पाई इमान र निष्ठाको उपहास हुने छ,' पाण्डेले दायर गरेको उजुरीमा भनिएको छ ।

उजुरीमा थप भनिएको छ, 'प्रतिनिधिसभा सदस्यले पदीय मर्यादा र गरिमासमेतको ख्याल नगरी आफ्नो व्यक्तिगत सामाजिक सञ्जाल ट्विटर (एक्स) र फेसबुकमार्फत निन्दनीय भाषामा लगाएको आधारहीन, खेद्पूर्ण, कलुषित तथा गैरकानुनी आरोपलाई चुनौती दिँदै सत्यतथ्यको उजागर गराई, यस खालका अमर्यादित अवाञ्छित, अराजक तथा गैरकानुनी कार्यमाथि अनुसन्धान गरी आवश्यक कारबाही गरिदिनु हुन अनुरोध गर्दछु ।'

बजगाईंले भने घूस काण्ड कांग्रेसकै नेताहरूबाट 'भेरिफाइ' भइसकेको दाबी गरेका छन् । बजगाईंले पाण्डेलाई मन्त्री बन्नासाथ घर किनेको दाबी गरेका छन् ।

आफूमाथि लगातार प्रहार हुन थालेपछि मन्त्री पाण्डेले मनोबल गिराउनेगरी प्रचार गरेको भन्दै आफूले घूस नखाएको दाबी सार्वजनिक मञ्चबाटै जवाफ फर्काएका थिए । 'म राष्ट्रदेव पशुपतिनाथको अगाडि उभिएर के कसम खान सक्छु भने कुनै पनि नाममा मैले मन्त्री भएर घूस खाएको सुन्नुपर्‍यो र देख्नुपर्‍यो भने मेरो त्यहीबेला नाश होस्,' मंगलबार नेपाल विद्याश्रम संस्कृति माध्यमिक विद्यालयको स्वर्ण महोत्सवका अवसरमा राजधानीमा आयोजित कार्यक्रममा पाण्डेले भनेका थिए ।

### हवाई भाडा वृद्धि रोक्न गगनको माग

कांग्रेस महामन्त्री गगन थापाले आफ्नै पार्टीका सहमहामन्त्रीसमेत रहेका पर्यटनमन्त्री पाण्डेलाई हवाई भाडा वृद्धि रोक्न माग गरेका छन् । शुक्रबार सिंहदरबारस्थित मन्त्रालय पुगेर महामन्त्री थापाले उक्त माग गरेका हुन् ।

हवाई भाडादर अस्वाभाविकरूपमा बढेको भन्दै थापाले यसको नियन्त्रणका लागि सरकार लाग्नुपर्ने सुझाव दिएको बताए । 'कोरियामा जाने श्रमिकहरू महँगो हवाई भाडादरका कारण एकदमै ठूलो मारमा परेका छन् । नेपाल वायुसेवालाई नै कोरिया उडान गराएर हुन्छ वा अन्य विकल्प खोजेर हुन्छ जसरी पनि यो समस्या समाधान गर्नुपर्छ,' थापाले भने । थापाले मन्त्री पाण्डेसमक्ष दुईबुँदे सुझावसमेत पेस गरे । उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भइरहेको निर्माण कार्यका कारण हवाई भाडा बढेको हुनाले निर्माण कार्य चाँडो सकाउनसमेत सुझाए ।

'विमानस्थलमा हुने निर्माण कार्यकै कारण देशको हवाई यातायात र भाडादर प्रभावित हुने भएकोले अहिले भइरहेको विमानस्थल निर्माणका कामहरूलाई के-कस्ता उपाय लगाएर थप गतिशील बनाएर कसरी निर्माणको अवधि घटाउन सकिन्छ ? जसले गर्दा निर्माण अवधि घट्न सक्छ,' थापाले मन्त्रीलाई बुझाएको सुझावमा भनिएको छ । मन्त्री पाण्डेले यसमा तुरुन्त काम हुनेगरी अघि बढाउने आश्वासन दिएको थापाले बताए ।




# विधायकी चरणलाई समय सीमाभित्र बाँध्न गृहमन्त्री लेखकको प्रस्ताव



**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले कानुन निर्माणलाई तीव्रता दिन विधायकी चरणलाई समय सीमाभित्र बाँध्न प्रस्ताव गरेका छन् । प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक'माथिको छलफलका क्रममा गृहमन्त्री लेखकले विधायकी चरणलाई समयको सीमाभित्र नबाँधे विधेयकहरु समयमै निष्कर्षमा पुग्न नसक्ने बताएका हुन् ।

'विधि निर्माण अत्यन्त कमजोर भएको छ, धेरै सुस्त भएको छ । पाँच वर्षको प्रतिनिधिसभाको कार्यकालमा हामीले बनाउने सम्पूर्ण कानुनको हिसाब निकाल्दा सुखद तथ्यांक देखिनेवाला छैन,' गृहमन्त्री लेखकले भने, 'विधेयक दर्ता भएपछि अनुमति माग्ने, सैद्धान्तिक छलफल गरी समितिमा पठाउने र समितिबाट प्रतिवेदनसहित आइसक्नुपर्ने चरणलाई समयबद्ध गरौं । यदि तोकिएका दिनभित्र विधेयक नआएको खण्डमा मुलरुपमै अघि बढ्ने व्यवस्था गरौं ।'

सरकारले आवश्यक विधेयक समयमै सदनमा पुऱ्याउन र सदनमा पुगेका विधेयक कानुनका रुपमा निष्कर्षमा पुग्न ढिला भएको गृहमन्त्री लेखकको भनाइ थियो । वि.सं. २०७६ मा दर्ता भएको अख्तियारसम्बन्धी विधेयकमाथि २०८१ सालमा छलफल गरिनु लज्जाजनक विषय भएको उल्लेख गर्दै उनले यसबारेमा जनतालाई जवाफ दिन पर्छ कि पर्दैन् भनेर उनले प्रश्न गरे ।

विधायकी चरणलाई समयमा बाध्नका लागि प्रतिनिधिसभा र राष्ट्रियसभा नियमावली संशोधन गरेमात्रै पुग्ने गृहमन्त्री लेखकको भनाइ थियो । उनले विधायनको कामलाई समयसीमाभित्र नबाँधेसम्म विधेयक बन्ने कुरा अप्ठ्यारो रहेको बताए ।

प्रस्तुत विधेयकमा नीतिगत निर्णयका सम्बन्धमा प्रस्ट पार्न आवश्यक रहेको औंल्याउँदै गृहमन्त्री लेखकले विषयविज्ञसँग थप छलफल गर्न आग्रह गरे । 'नीतिगत निर्णय धेरै लामो समयदेखि छलफल भइरहेको छ, नीतिगत निर्णय भनेको के हो ? यसका बारेमा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रचलन के छन् हेरौं,' उनले भने, 'नीतिगत निर्णयसम्बन्धी अध्ययन गरेका विज्ञसँग राय लिएर ठोस निष्कर्षमा पुगौं ।'

बैठकमा उक्त विधेयकमाथिको संशोधनकर्ता सांसद हेमराज राईले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सहज ढंगबाट काम गर्न दिन कर्मचारीको दरबन्दी सिर्जना गर्ने र नियुक्ति गर्ने अधिकार दिनुपर्ने बताए । आयोगले वर्षभरिमा कूल उजुरीको ६० प्रतिशत 'केस' मात्रै मुस्किलले फर्स्योट गर्ने गरेको तथ्यांक प्रस्तुत गर्दै उनले योग्य कर्मचारीको अभावमा काम हुन नसकेको दाबी गरे ।

सांसद सुमना श्रेष्ठले भ्रष्टाचार निवारणका लागि अख्तियारको सबलीकरण अनिवार्य सर्त रहेको उल्लेख गर्दै कार्यकारी निकायको निर्णयमाथि छानबिन गरी कारबाही गर्ने निकायका रुपमा रहेको अख्तियारको बजेट बनाउने जिम्मा संसद्लाई दिइनुपर्ने बताइन् । नीतिगत निर्णयका नाममा व्यापक मात्रामा भ्रष्टाचार हुने गरेको उल्लेख गर्दै उनले नीतिगत निर्णयको परिभाषामा थप स्पष्टता आवश्यक रहेको बताइन् ।

सांसद विश्वप्रकाश शर्माले अख्तियारको प्रमुख आयुक्त र आयुक्त खुला प्रतिस्पर्धाका माध्यमबाट नियुक्त गर्ने बारेमा बहस गर्नुपर्नेमा जोड दिए । सांसद प्रेमबहादुर महर्जनले भ्रष्टाचार निवारणका लागि आमनागरिकमा सचेतना फैलाउनुपर्नेमा जोड दिँदै जनगुनासालाई सम्बोधन गर्न सरकार र आयोग गम्भीर बन्नुपर्ने बताए ।

## डिजिटल लाइसेन्स नियमनका लागि स्मार्ट फोन हस्तान्तरण

**काठमाडौं (प्रस)–** डिजिटल सवारी चालक अनुमतिपत्र नियमनका लागि ट्राफिक प्रहरीलाई ४०८ थान स्मार्ट फोन हस्तान्तरण गरिएको छ । बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले शुक्रबार ललितपुरमा आयोजित एक कार्यक्रमकाबीच बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरलाई स्मार्ट फोन हस्तान्तरण गरेका हुन् ।

मुख्यमन्त्री लामाले यसबाट प्रभावकारी यातायात व्यवस्थापनमा सहयोग पुग्ने बताए । उनले नागरिकको गुनासालाई सम्बोधन गरी आगामी दिनमा ट्राफिक प्रहरीको काम कारबाहीलाई थप प्रभावकारी बनाउँदै लैजान आवश्यक समन्वय गर्दै जाने बताए । कार्यक्रममा बागमतीका यातायातमन्त्री प्रेमभक्त महर्जन, बागमती प्रदेशसभा सदस्य मधुसुदन पौडेल, बागमती प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री रामेश्वर श्रेष्ठ र यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले उक्त स्मार्ट फोनले ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

त्यस अवसरमा प्रदेश यातायात मन्त्रालयका सचिव बलराम निरौलाले मन्त्रालयका भावी योजनाबारे जानकारी दिएका थिए । प्रहरी महानिरीक्षक कुँवरले सीमित स्रोत साधनको अधिकतम सदुपयोग गर्दै प्रभावकारी ट्राफिक व्यवस्थापन गरिरहेको नेपाल प्रहरीलाई शुक्रबार हस्तान्तरण भएका स्रोत साधनहरू अत्यन्तै उपयोगीसिद्ध हुने विश्वास लिएको बताए । प्रहरीको एकल प्रयासले मात्र ट्राफिक व्यवस्थापन सम्भव नहुने भएकाले सरोकारवाला निकायको सहयोग र समन्वयले ट्राफिक व्यवस्थापनलाई समयानुकूल आधुनिक र प्रविधिमैत्री बनाउँदै पारदर्शी, परिस्कृत र परिमार्जित सेवा प्रवाह गर्न सहजीकरण हुने उनले उल्लेख गरे ।

पृष्ठ १ बाट क्रमशः

## नेपालको बिजुली...

यता नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले विद्युत् निर्यात बढ्दै जाँदा मुलुकको आर्थिक समृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् । पहिलोपटक नेपालबाट बंगलादेशमा विद्युत् निर्यात हुन थालेको खबरले हर्षित भएको उल्लेख गर्दै अध्यक्ष दाहालले अघिल्लो जेठमा प्रधानमन्त्रीका रूपमा भएको आफ्नो भारत भ्रमणका क्रममा नेपालबाट बंगलादेशमा विद्युत् निर्यात गर्नका लागि भारत सरकार सहमत भएको बताए ।

'२०८० जेठमा प्रधानमन्त्रीको रूपमा भएको मेरो भारत भ्रमणका क्रममा नेपालबाट बंगलादेशमा विद्युत् निर्यात गर्न दिन भारत सरकार सहमत भएको थियो,' उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'त्यसपछि आवश्यक प्रक्रिया पूरा गर्दै बंगलादेशमा विद्युत् निर्यात हुन थालेको हो । विद्युत् निर्यात बढ्दै जाँदा मुलुकको आर्थिक समृद्धिमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु ।'

बंगलादेशमा निर्यात गरिएको विद्युत् २५ मेगावाटको त्रिशूली जलविद्युत् आयोजना र २२ मेगावाटको चिलिमे जलविद्युत् आयोजनाबाट हो । प्राधिकरणका प्रवक्ता घोषले प्रभावसँग भने, 'बंगलादेशलाई बिजुली बेच्दा हामी ३३ करोड रूपैयाँभन्दा बढी आम्दानी गर्छौं । त्यो चाहिँ पाँच महिनामा बिजुली एक लाख ४४ हजार मेगावाट आवर निर्यात गर्दा हुन्छ । प्रतियुनिट ६.४० अमेरिकी सेन्टका दरले पाँच महिनामा ९२ लाख १६ हजार अमेरिकी डलर आम्दानी हुन्छ, त्यो भनेको दुई अर्ब रूपैयाँ हो ।'

नेपालले बंगलादेशलाई विद्युत् बेच्ने भनेको हरेक वर्षको जुन १५ देखि नोभेम्बर १५ सम्म हो । अर्थात् नेपालको विद्युत् हरेक वर्षायाममा मात्रै बंगलादेश निर्यात हुने छ, त्यो पनि पाँच वर्षसम्म हो । प्राधिकरणका अनुसार हिउँदयाममा भने नेपालकै आन्तरिक माग धानिँदैन । त्यसका लागि भारतबाट आवश्यक विद्युत् आयात गर्नुपर्ने अवस्था छ । वर्षायाममा भने आवश्यकताभन्दा बढी विद्युत् उत्पादन हुने हुनाले तेस्रो देशमा निर्यात थालिएको हो ।

नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारणलाइन हुँदै विद्युत् बंगलादेश निर्यात भएको हो । ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारणलाइनको प्राविधिक चुहावट प्राधिकरणले नै बेहोर्ने जनाएको छ । विद्युत्को मिटर भने मुजफ्फरपुरमा राखिएको छ ।

विद्युत् निर्यातका लागि नेपाल र बंगलादेशबीच छ वर्षअघि ऊर्जा क्षेत्र सहकार्यबारे एउटा एमओयूमा हस्ताक्षर भएको थियो । त्यसपछि नेपाल, भारत र बंगलादेशका अधिकारीहरूबीच प्राविधिक छलफल र त्यसमा राजनीतिक नेतृत्वहरूले व्यक्त गरेका प्रतिबद्धतापछि तीन देशबीचको क्षेत्रीय ऊर्जा व्यापारको खाका निर्धारण गरिएको थियो ।

जसअनुसार भारतीय प्रसारण पूर्वाधारहरू प्रयोग गरेर बंगलादेशमा विद्युत् निर्यात गर्दा नेपालले भारतको एनपिटिसी विद्युत् व्यापार निगमलाई निश्चित शुल्क बुझाउनुपर्ने छ । नेपालले यसअघि नै भारतमा विद्युत् निर्यात गर्दै आएको छ । प्राधिकरणको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा भारतलाई विद्युत् बिक्री गरेर नेपालले १६ अर्ब ७३ करोड रूपैयाँ आम्दानी गरेको थियो । नेपालले बर्खायाममा भारतलाई बिजुली बेच्ने गरेको छ । अब बंगलादेशलाई पनि सोही याममा नेपालले बिजुली बेच्ने भएको हो । तर, बंगलादेशबाट भने नेपालले विद्युत् निर्यात गरेर भारतसँग भन्दा १४ अर्ब कम आम्दानी गर्ने देखिन्छ ।


### नाम परिवर्तन सम्वन्धी सूचना

ओजस्वी एकेडेमी को नाम परिर्वतन सम्वन्धी २७, २९ र ३० मा प्रकाशित सूचनामा परिवर्तित नाम **"ओजस्वी टेक्निकल कलेज प्रा. लि."** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

### शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/०१**

श्री त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०८०/०८१ को C1C1 मा गरिएको पुनरूत्पादन कटान तथा सम्पूर्ण वनक्षेत्रमा गरिएको ढलापडा संकलन कार्य मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको ओभरी स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल, अस्ना, कर्मा, खयर, जामुन, दवदवे, धौटी लगायतका अन्य प्रजातिको गोलिया थान १४०० को परिमाण ७२४३.५९ क्यु.फिट र साल जातको दाउरा ९.०० र अन्य प्रजातिको दाउरा चट्टा १०.०० चट्टा गरि दाउरा जम्मा १९.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सुचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी–८, ओभरी बाँके**

### नाम परिवर्तन सम्बन्धि सूचना

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७०/१०/२९ बमोजिम यस स्कुल लाङ्गटाङ्ग हिम्स प्रा. लि. को साविकको नाम परिवर्तन भई निर्माण नेपाल रेसिडेन्सियल स्कूल प्रा. लि. भएको जानकारी गराउँदछु ।

### टापु घर हस्पिटालिटी प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०८/२१ मा दर्ता भएको टापु घर हस्पिटालिटी प्रा.लि. (प्रा.लि. नं. ३०३२४६)लाई खारेजी (लिक्वीडेशन) मा लैजान कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८१/०७/३० गतेको वार्षिक साधारण सभाको निर्णय बमोजिम खारेज हुने भएकाले यस कम्पनीमा कोही कसैको बाँकी बक्यौता, लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नरबहादुर भुजेल (लिक्वीडेटर) इजाजत पत्र नं. २३३**
**ब्लस्टार कम्प्लेक्स थापाथली, काठमाण्डौ सम्पर्क नं. ९८५१००४८३१**

### कुवेतमा रोजगार

कम्पनी : ABSOLUTE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/३० पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/३० LT. No. 306256 चलानी नं.६०२२०४९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 2 | 150 | ६५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABSOLUTE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०१/३१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/३० LT. No. 304697 चलानी नं.६०२१९१५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure | 0 | 4 | 150 | ६५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.** License No. : 1000/068/69

Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243, Email : honestyoverseas@gmail.com, Web: www.honestyoverseas.com.np

### कुवेतमा रोजगार

कम्पनी : CEDAR CLINIC COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०१/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/३० LT. No. 284904 चलानी नं. ६०२००३०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Excecutive | 0 | 1 | 400 | १७५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 350 | १५३,६२५ | | | | | | | |
| 3 | Cleaners | 0 | 4 | 110 | ४८,२८० | | | | | | | |
| 4 | HR Executive | 0 | 1 | 400 | १७५,५७० | | | | | | | |
| 5 | Nurses | 0 | 5 | 350 | १५३,६२५ | | | | | | | |
| 6 | Receptionist | 0 | 6 | 200 | ८७,७८५ | | | | | | | |
| 7 | Secretary | 0 | 3 | 250 | १०९,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043, Mobile: 9851073220, 9851196634, 9846061401, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

### युएइमा रोजगार

कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION L.

पूर्व स्वीकृति मिति : २०८१/०७/३० LT. No. 313492 चलानी नं. ६०२२८०४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 25 | 0 | 1000 | ३६,७५० | | | | | | | |
| 3 | Mason | 25 | 0 | 1200 | ४४,१०५ | | | | | | | |
| 4 | Steel Fixer | 25 | 0 | 1200 | ४४,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः झापामा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ । सम्पर्कः ९८२५९६२२१५ (सृजना पौडेल)
सिराहामा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ । सम्पर्कः ९८१६६३२२३० (सन्तोष महत्तो)
जनकपुरमा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ । सम्पर्कः ९८०२०७७०८६ (मनोज सर)
पोखरामा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ । सम्पर्कः ९८१२९९९१४५ (लक्ष्मण सर)
बुट्वलमा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ । सम्पर्कः ९८५७०२६६०५ (मोहन सर)
नेपालगंजमा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ । सम्पर्कः ९८४०३९८४६, ९८१३३७३५७९ (तेजेन्द्र मल्ल)
इटहरीमा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ । सम्पर्कः ९८०३५३६०४६ (मनु गौतम)
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ । सम्पर्कः ०१-४६२०७७७, ९८५११४६९३८ (नवराज न्यौपाने)


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Sunlight Recruitment Service Pvt.Ltd.**

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, ०१ मंसिर, २०८१

| | |
|---|---|
| **मेष** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **वृष** | शुभचिन्तकहरुको साथले काममा उत्साह जाग्नेछ । |
| **मिथुन** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| **कर्कट** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **सिंह** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **कन्या** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **तुला** | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **वृश्चिक** | मार्गदर्शन अनुचित लाग्नेछ । |
| **धनु** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| **मकर** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **कुम्भ** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **मीन** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ मंसिर, २०८१ (१६ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.७४ | १३५.३४ |
| युरो | १ को | १४३.२२ | १४३.८५ |
| पाउन्ड स्टर्लिङ | १ को | १७२.८६ | १७३.६३ |
| स्विस फ्रैन्क | १ को | १५२.९० | १५३.५८ |
| अस्ट्रेलियन डलर | १ को | ८८.१९ | ८८.५८ |
| क्यानाडियन डलर | १ को | ९६.५५ | ९६.९८ |
| सिङ्गापुर डलर | १ को | १००.७१ | १०१.१६ |
| जापानी येन | १० को | ८.७५ | ८.७९ |
| चिनियाँ युआन | १ को | १८.६३ | १८.७१ |
| साउदी अरब रियाल | १ को | ३५.८७ | ३६.०३ |
| कतारी रियाल | १ को | ३६.९७ | ३७.१३ |
| थाई भाट | १ को | ३.८७ | ३.८९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.६८ | ३६.८५ |
| मलेसियन रिङेट | १ को | ३०.३७ | ३०.५० |
| दक्षिण कोरियन वन | १०० को | ९.५८ | ९.६३ |
| स्विडिस क्रोनर | १ को | १२.३९ | १२.४५ |
| डेनिस क्रोनर | १ को | १९.२० | १९.२९ |
| हङकङ डलर | १ को | १७.३२ | १७.४० |
| कुवेती दिनार | १ को | ४३८.३५ | ४४०.३० |
| बहराइन दिनार | १ को | ३५७.४६ | ३५९.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

कोप-२९ सम्मेलन

# सात विषयगत समूह बनाएर नेपाल कार्यक्रममा सहभागी



■ भीष्मराज ओभा

बाकु (अजरबैजान)- जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसजंघीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) मा नेपालले प्रभावकारी सहभागिताका लागि विभिन्न सात विषयगत समूहमा जिम्मेवारी बाँडफाँट गरी विभिन्न कार्यक्रममा सहभागिता जनाइरहेको छ । सम्मेलन यही कात्तिक २६ गतेदेखि अजरबैजानको बाकुमा जारी छ ।

वन तथा वातावरण मन्त्रालयले कोप-२९ मा प्रभावकारी सहभागिताका लागि सम्मेलनसँग सम्बन्धित सात विषयमा सहसचिव र उपसचिवहरूको नेतृत्वमा छुट्टाछुट्टै समूह निर्माण गरी वार्ता, छलफल र भेटवार्तामा सहभागी भइरहेको जनाएको हो । सम्मेलनमा बिहीबार दिउँसोसम्म नेपाली प्रतिनिधिमण्डलको नेतृत्व राष्ट्रपति रामचन्द्र पौडेलले गरेका थिए । उनी बिहीबार नै स्वदेश फर्किसकेका छन् । त्यसपछि नेपाली प्रतिनिधिमण्डलको नेतृत्व वनमन्त्री ऐनबहादुर शाही ठकुरीले गरिरहेका छन् ।

मन्त्री शाही र वनसचिव डा. दीपककुमार खरालले शुक्रबार सम्मेलनस्थलमा नेपालका तर्फबाट भइरहेको कामकारबाही र तयारीबारे जानकारी दिन तथा समीक्षा गरी आवश्यक निर्देशन दिन कार्यक्रमको आयोजना गरेका थिए ।

नेपालबाट यहाँ आएका सबै सहभागीहरू उपस्थित सो कार्यक्रममा मन्त्रालयले गठन समूहले हालसम्म गरेका कामका बारेमा जानकारी गराएका थिए । कार्यक्रममा सहसचिवहरू धनिराम शर्माले जलवायु वित्त, डा. महेश्वर ढकालले जलवायुजन्य हानिनोक्सानी, डा बुद्धिसागर पौडेलले संरचनाको पारदर्शितामा अभिवृद्धि, नवराज पुडासैनीले कार्बन व्यापार, सञ्जीव राईले क्षमता अभिवृद्धि, उपसचिव धनञ्जय लामिछानेले न्यूनीकरण र उपसचिव दीपा ओलीले समावेशिताका विषयगत समूहले गरेका कामका बारेमा अवगत गराएका थिए ।

त्यस अवसरमा मन्त्री शाहीले कोप-२९ सम्मेलनमा नेपालले प्राथमिकता दिएर राष्ट्रपतिको नेतृत्वमा सहभागिता जनाएको बताउँदै अपेक्षित उपलब्धि हासिल गर्न सबैको सहयोग र समन्वय आवश्यक रहेकामा जोड दिए । उनले नेपालले उठाउँदै आएका जलवायु न्यायका विषयलाई सशक्त बनाउन सरकारी निकायका साथै नागरिक समाज, सञ्चारकर्मी, गैरसरकारी संस्था सबैको सहयोग हुने आशा व्यक्त गरे ।

सचिव डा. खरालले विषयगत समूहले सहभागिताका क्रममा गरेका कामको दैनिकरूपमा अनुगमन र समन्वय भइरहेको जानकारी दिँदै प्रभावकारिताका लागि जनशक्तिलाई सशक्तरूपमा परिचालन गरिएको उल्लेख गरे । मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव डा. सिन्धुप्रसाद ढुंगानाले सम्मेलनमा सहभागी सबै देशको हितमा मात्र बोल्न र काम गर्न आग्रह गर्दै सहभागीका लागि आचारसंहिता निर्माण गरिएको जानकारी गराए ।

### कोप-२९ मा ७३ हजारको सहभागिता

आगामी मंसिर ७ गतेसम्म चल्ने कोप-२९ मा हालसम्म १९३ देशका सरकारी तथा गैरसरकारी प्रतिनिधि, विज्ञ, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि, विद्यार्थीलगायत गरी ७३ हजार जनाले सहभागिता जनाएको बताइएको छ । सहसचिव डा. ढुंगानाका अनुसार नेपालबाट यस सम्मेलनमा आउनका लागि वन मन्त्रालयबाट राष्ट्रपति पौडेल नेतृत्वको टोलीसमेत गरी करिब २०० जनाको नाम दर्ता गरिएको थियो । त्यसमध्ये अधिकांश सम्मेलनस्थलमा आइसकेको र केही अझै आउने क्रममा रहेका छन् ।

कोप-२९ सम्मेलनको यही कात्तिक २६ गते भव्य समारोहकाबीच उद्घाटन भएको थियो । सम्मेलनमा कात्तिक २७ र २८ गते भएको उच्चस्तरीय सत्रमा विश्वभरका नेताहरू भेला भई आफ्ना धारणा व्यक्त गरेका थिए । उच्चस्तरीय सत्रमा ८० देशका सरकार तथा राष्ट्रप्रमुखले सहभागिता जनाई सम्बोधन गर्नुभएको युएनफसिसिसीको सचिवालयले जनाएको छ ।

राष्ट्रपति पौडेलले उच्चस्तरीयसत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई कात्तिक २७ गते सम्बोधन गरेका थिए । त्यस्तै नेपालले कात्तिक २८ गते सम्मेलनमा छुट्टै उच्चस्तरीय कार्यक्रम गरी जलवायुको असरले निम्त्याएका प्राकृतिक विपद्का बारेमा विश्वको ध्यानाकर्षण गराएको थियो । सम्मेलन स्थलमा राष्ट्रपति पौडेलको नेतृत्वमा सो कार्यक्रको आयोजना गरिएको थियो ।

यस वर्षको सम्मेलन नयाँ वित्तीय प्रतिबद्धतामा केन्द्रित छ । जसलाई 'न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)' नाम दिइएको छ । एनसिक्युजी वा 'फाइनान्स कोप' भनेर चिनिने नयाँ लक्ष्यबारे यस सम्मेलनमा छलफल हुने र सन् २०२५ देखि प्रभावकारी कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ । *रासस*



**स्नान गर्नेहरूको भीड** | धनुषा र सिराहालाई जोड्ने कमला नदीस्थित बसप्टि्टा घाटमा कात्तिक पूर्णिमाको अवसरमा शुक्रबार बिहान स्नान गर्ने भक्तजनको घुइँचो ।
*तस्बिर: अमरेन्द्रकुमार यादव/रासस*

# मधुमेहपीडितमा डायबेटिक रेटिनोपेथीको जोखिम

■ बुनु थारू

**काठमाडौं-** अस्वस्थ्य जीवनशैलीका कारण मधुमेहपीडितको संख्या बढिरहेको छ । नसर्ने रोगमध्येको एक मधुमेहपीडितमा 'डायबेटिक रेटिनोपेथी'को जोखिम पनि उत्तिकै हुने गरेको चिकित्सकले बताएका छन् । डायबेटिक रेटिनोपेथी आँखाको दृष्टि पर्दा (रेटिना) मा आउने समस्या हो । तिलगंगा आँखा प्रतिष्ठानकी रेटिना विशेषज्ञ डा. रबा थापाका अनुसार मधुमेहका कारण आँखाको पर्दामा हुने असर नै डायवेटिक रेटिनोप्याथी हो ।

उनी भन्छन्, 'रगतमा सुगरको मात्रा धेरै हुँदा आँखाका पर्दाको रक्त नशाहरूमा यसले असर गर्दै जान्छ त्यसो हुँदा रक्तश्राव हुने, पर्दामा चिल्लो निस्किने, रगत जम्ने, पछि रक्त सञ्चालनमा कमी हुनुका साथै उपचार समयमा नभए पर्दा खुम्चिएर दृष्टि सधैंका लागि गुम्ने खतरा पनि हुक्छ ।' लामो अवधिसम्म रगतमा चिनीको मात्रासँगै चिल्लोपन बढ्दै जाँदा रेटिनाको स-साना रक्तनलीमा असर पुऱ्याउने गर्दछ । उक्त रक्तनलीबाट बोसो, रगत र तरल पदार्थ चुहावट हुँदा रेटिना सुन्निएर दृष्टि धमिलो हुने र रेटिना खुम्चिएर दृष्टि गुम्नसक्ने उनको भनाइ छ ।

अन्तर्राष्ट्रिय मधुमेह संघका अनुसार विश्वभरका २० देखि ७९ वर्ष उमेर समूहका १०.५ प्रतिशत वयस्क जनसंख्यामा मधुमेह हुनसक्ने भए त्यसमध्यको आधा जनसंख्या मात्र यसबारे जानकार छन् । चिकित्सकका अनुसार यो समस्याले आँखाको अगाडि



कालो थोपा (भुसुना) जस्तो देखिने, छायाँ जस्तो देखिने, दृष्टि क्षमता कम हुँदै गएको आभास हुने, धमिलो देखिनेलगायतका लक्षणहरू देखाउन सक्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार स्वस्थ्यकर भोजन, नियमित शारीरिक व्यायाम, सुर्तीजन्य पदार्थको सेवन नगरेमा मधुमेहबाट बच्न सकिन्छ र पूर्वरोकथाम पनि गर्न सकिन्छ । मधुमेह रोग विशेषज्ञ डा. दीपक मल्लले मधुमेह भएका सबै बिरामीले आँखाको जाँच गराउनै पर्ने बताए । उनी भन्छन्, 'डायबेटिक रेटिनोपेथीको समस्या आइसकेको छ भने त छ महिनाको अन्तरालमा जाँच गराउनुपर्छ । मधुमेह भएकाले भने वर्षमा एकपटक जाँच गराएकै हुनुपर्छ ।'

तौल घट्नु, प्यास लागिराख्नु, भोक लागिराख्नु, धमिलो देख्नु, पिसाब लागिराख्नुलगायतका समस्या मधुमेहका लक्षणहरू हुन् । डा. मल्लका अनुसार यस्ता खालका लक्षण देखिएको छ भने सुगरको जाँच गराउनुपर्छ । 'ओपिडीमा आउने केही बिरामीहरू आँखा, मिर्गौला तथा खुट्टासम्बन्धी समस्या लिएर आउने हुन्छन् । यो भनेको ढिलो भएको अवस्था हो । त्यसैले नियमित सुगरको जाँच, सुगर नियन्त्रणमा राख्ने र चिकित्सक सल्लाहअनुसार समयमा फलोअप गरेमा यी समस्याबाट जोगिन सकिन्छ,' डा. मल्ल भन्छन् ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१९ मा 'जनसंख्यामा आधारित छनोटमा परेका नसर्ने रोगका भार' का विषयमा गरेको देशव्यापी अध्ययनले मधुमेहको समस्या ८.५ प्रतिशतमा रहेको देखाएको छ । करिब १० लाखलाई मधुमेह छ भन्ने यो अध्ययनले आकलन गरेको छ ।

डा. थापाका अनुसार मधुमेह भएका करिब एकतिहाइ बिरामीलाई डायबेटिक रेटनोपेथी देखिन्छ जसमा एकतिहाइ बिरामीलाई तुरुन्त उपचार गर्नुपर्छ । उनी कुनै व्यक्तिलाई मधुमेह भएको २० वर्षको अवधिमा पहिलो प्रकारको मधुमेह हुने करिब ९९ प्रतिशतलाई नै डायबेटिक रेटिनोपेथी भएको देखिने बताउँछन् । साथै, दोस्रो प्रकारको मधुमेहमा दुईतिहाइ बिरामीमा डायबेटिक रेटिनोपेथी भइसकेको हुन्छ ।

डा. थापा भन्छन्, 'उच्च रक्तचाप, अनियन्त्रित सुगर, रगतमा चिल्लोको मात्रा बढी छ भने मधुमेह भएको २० वर्ष अगाडि डायबेटिक रेटिनोपेथी देखिनसक्छ । धुमपान गर्ने, रक्तअल्पता भएका, गर्भावस्थामा पनि रेटिनोपेथी छिटो देखिन्छ ।'

मधुमेह रोग लागेपछि आँखाको जाँच पनि गराउनुपर्छ भन्ने धेरैलाई जानकारी नभएकाले धेरैजसो ढिलो अस्पताल आइपुग्छन् । तिलगंगा आँखा प्रतिष्ठानमा दैनिक १०० जना ओपिडीमा आउनेमध्ये औसतमा ५० जनामा यस प्रकारका लक्षण देखिने गरेको छ । 'खास गरेर वैदेशिक रोजगारीमा जाने युवा उमेरका व्यक्तिहरूमा डायबेटिक रेटिनोपेथी अलि ढिलो भइसकेको अवस्थामा आइरहेका छन् । मधुमेह जँचाउने तर आँखा राम्ररी नजँचाउने भएकाले जटिलता निम्तिएको देखिन्छ,' डा. थापाले भने । *रासस*

## उपनिर्वाचनका लागि ३८ वटा निर्वाचन अधिकृतका कार्यालय स्थापना

काठमाडौं (प्रस)- आसन्न स्थानीय तह उपनिर्वाचनका लागि शुक्रबार ३८ वटा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको छ । उपनिर्वाचन हुने स्थानीय तहमा ३२ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र छवटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको निर्वाचन आयोगले जनाएको छ ।

उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तह तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको आयोगकी प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् । आगामी मंसिर २ देखि ५ गतेसम्म सम्बन्धित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुने छन् । मंसिर २ गते उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यतालिका छ ।

मंसिर ५ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम छ । मंसिर १६ गते आइतबार बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने छ ।

यसैबीच आयोगले सहसचिव नीता पोखरेल अर्याललाई प्रवक्ताको जिम्मेवारी तोकेको छ । आयोगको शुक्रबारको निर्णयानुसार अर्याललाई प्रवक्ता तोकिएको सहायक प्रवक्ता दुर्गाप्रसाद चालिसेले जानकारी दिए ।

# एकैदिन ८३ जना शिक्षक शिक्षिकालाई दीर्घसेवा सम्मान

भक्तपुर- राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (नेसनल प्याब्सन) भक्तपुरले शुक्रबार एकैदिन ८३ जना शिक्षक-शिक्षिकालाई दीर्घसेवा सम्मान प्रदान गरेको छ । शुक्रबार नेसनल प्याब्सन भक्तपुरको डोलेश्वरमा आयोजित नवौं वार्षिक साधारणसभामा संस्थामा आबद्ध जिल्लाका विभिन्न विद्यालयमा विगत १० वर्षदेखि अनवरतरूपमा सेवा गरेका शिक्षक-शिक्षिकालाई दीर्घसेवा सम्मान प्रदान गरेको हो ।

साधारणसभाको उद्घाटनसत्रमा बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले ८३ जना शिक्षक-शिक्षिकालाई दोसल्ला ओढाएर दीर्घसेवा सम्मान वितरण गरे । कार्यक्रममा मन्त्री थापाले शिक्षासँग स्वास्थ्यलाई पनि जोडेर लैजानुपर्नेमा जोड दिँदै शिक्षक तथा विद्यार्थीलाई स्वस्थ राख्न विद्यालयले स्वास्थ्य शिविरलगायत कार्यक्रम विद्यालयमै गर्नुपर्ने औंल्याए ।

उनले भने, 'प्रत्येक विद्यालयले वर्षमा कम्तीमा पनि एउटा स्वास्थ्य शिविरको आयोजना गर्नूस्, विद्यार्थीलाई स्वस्थ राख्नूस्, त्यसका लागि प्राविधिक सहयोग हामी गर्छौं, भक्तपुर अस्पताल, सूर्यविनायक नगर अस्पतालबाट सेवा प्रवाह गर्छौं, प्रत्येक विद्यालयमा यो अभियान चलाउनूस् ।'

अब भक्तपुरका जनताले सस्तो र सहजरूपमा सिटिस्क्यान सेवा पाउने उल्लेख गर्दै उनले प्रदेश सरकारले १९ करोड रूपैयाँको लागतमा सिटीस्क्यान मेसिन भक्तपुर अस्पतालमा जडान गर्न बोलपत्र आह्वान गरिसकेको बताए । भक्तपुर अस्पतालमा सिटिस्क्यान मेसिन राख्न ठाउँ अभाव भइरहेको अवस्थामा भक्तपुर नगरपालिकाले अस्पतालले १०० वर्ष अगाडिदेखि भोगचलन गर्दै आएको जमिनमा सटर हाल्ने योजना अगाडि बढाएको बताए ।

भक्तपुरका जनताले सेवा पाउने विषयमा भक्तपुर नगरपालिकाले सहयोग गर्नुपर्नेमा उल्टै पूर्वाधार भत्काएर आफ्नै संचरना बनाउन खोजेको भन्दै उनले जनताप्रति स्थानीय सरकार उत्तरदायी हुनुपर्नेमा जोड दिए । उनले भक्तपुर नगरपलिकाद्वारा सञ्चालित ख्वप: अस्पताललाई पनि बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले सिटिस्क्यान मेसिन राख्न बजेटको व्यवस्था गरेको बताए ।

कार्यक्रममा एन प्याब्सन केन्द्रीय समितिका सहकोषाध्यक्ष विक्रम धुकुछु, केन्द्रीय पदाधिकारी जिबी खड्कालगायतले शिक्षालाई गुणस्तरीय बनाउन शिक्षक शिक्षिकाको भूमिका महत्त्वपूर्ण हुने भएकाले सम्मानले प्रेरणा प्रदान गर्ने बताए ।

नेसनल प्याब्सन भक्तपुरका अध्यक्ष एवं कार्यक्रम सभापति सञ्जय खड्काले एउटै विद्यालयमा १० वर्षसम्म सेवा गर्ने शिक्षक शिक्षिकालाई यस वर्षदेखि सुरु भएको सम्मान अब हरेक वर्ष सञ्चालन गर्ने बताए । उनले नेसनल प्याब्सन भक्तपुरकै नेतृत्वमा निजी क्षेत्रको सहयोगमा यस संस्थाअन्तर्गत रहेका विद्यालयका शिक्षक शिक्षिकादेखि विद्यार्थीसम्मलाई एक लाख रूपैयाँको नि:शुल्क दुर्घटना बिमाको व्यवस्था गरेको बताए । *रासस*

**युएई/साउदीमा रोजगार** कम्पनी : Parkway International Contracting LLC — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०१/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 304627 | चलानी नं.६०२१९३७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 10 | 0 | 1300 | ४७,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Block Mason | 40 | 0 | 1200 | ४४,१०० | | | | | | | |
| 3 | Cleaner | 0 | 10 | 1000 | ३६,७५० | | | | | | | |
| 4 | General Worker | 40 | 0 | 900 | ३३,०७५ | | | | | | | |
| 5 | Plaster Mason | 40 | 0 | 1200 | ४४,१०० | | | | | | | |
| 6 | Steel Welder | 10 | 0 | 1300 | ४७,७८० | | | | | | | |
| 7 | Water Proofing | 10 | 0 | 1300 | ४७,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: PIT Training Center, Ramnand Chowk-8, Janakpur मा मिति: २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।
Dhanush Training Center, Dhanushadham-2, Dhanusha मा मिति: २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ९ गते (24th Nov. 2024) मा हुनेछ ।
गजराज ट्रेनिङ सेन्टर प्रा.लि., नेपालगंज-११, बाँकेमा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।
Skill Training and Research Consultancy Pvt. Ltd., Nepalgunj-12, Belaspur मा मिति: २०८१ मंसिर ११ गते (26th Nov. 2024) मा हुनेछ ।

कम्पनी : Al Yusr Industrial Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 309024 | चलानी नं.६०२२३६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Volt Aura General Contracting Est

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 313720 | चलानी नं.६०२२८०६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Wateen Al Ahmar Poultry Company

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 313719 | चलानी नं.६०२२८०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३६,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



# १७ वर्षपछि रंगीन दुनियाँमा फर्किइन् विपना

पाँच हजारमा पहिलो सिनेमा खेलेकी विपनालाई त्यस वर्ष सिनेमाको ओइरो नै लाग्यो। त्यो वर्ष डेब्यू सिनेमा 'जन्मभूमि'सहित सातवटा सिनेमामा काम गरिन्। पाँच हजार र एक मुठ्ठी ह्वाइट र्‍याबिट चक्लेटबाट सुरू भएको उनको पारिश्रमिक बाँकी छ सिनेमामा कुनैमा २० त कुनैमा २५ हजार रूपैयाँ पारिश्रमिक लिइन्। ठ्याक्कै सम्झना नभए पनि उनले सोही वर्ष ३५ हजारसम्म पैसा पाएको सम्झना छ। सिनेमा उद्योगबाट बिदा नहुँदासम्म अधिकतम पाँच लाख रूपैयाँ बुझिन्। यो रकम लिँदा नेपाली रजतपट वृत्तमा ठूलै हल्लाखल्ला भएको विपना बताउँछिन्।

**अशेष अधिकारी / काठमाडौं**

नेपाली कांग्रेसको सक्रिय राजनीतिमा रहेकी अभिनेत्री विपना थापाका बाबु आफ्नी राम्री छोरीलाई पनि मनिषा कोइरालाजस्तै नायिका बनाउँछु, भन्ने गर्थे। सायद राजनीतिक विरासत बोकेको परिवारमा जन्मिएकी अभिनेत्री मनिषाको छायाँ उनले आफ्नी छोरीमा पनि देखेको हुनुपर्छ। भारतको बलिउड नगरीमा एउटी नेपाली छोरीको ओजपूर्ण चर्चाले उनमा त्यो सोच आएको हुनुपर्छ। तर विडम्बना थापाका बाबुले छोरीलाई नायिकाका रूपमा सिनेमाको पर्दामा कहिल्यै देख्न पाएनन्। विपना छ वर्षको हुँदा उनी दिवंगत भए। उनलाई बुबाको त्यतिधेरै सम्झना पनि छैन।

आफ्ना बाबुको सपना सुनेकी अभिनेत्री विपना सानै उमेरदेखि नाच्नमा पारगंत थिइन्। काठमाडौं स्युचाटारमा जन्मिएकी विपनासँग स्कुले जीवनमा के हुने र के गर्ने कुनै लक्ष्य थिएन। चर्चित नृत्यांगना विमला श्रेष्ठ उनको छिमेकी थिइन्। नाच्न सिपालु विपना विमलालाई हेर्दै आफूलाई त्यस्तै बनाउने कल्पना गर्थिन्। आफैंलाई भन्थिन्, 'कुनै दिन म यी विमला फुपूजस्तै नाच्ने हुन्छु।'

नभन्दै विपना नाच्नमा यति सिपालु थिइन् कि कक्षा ९ मा पढ्दै गर्दा नै स्कुलको वार्षिकोत्सवका लागि अरूलाई नृत्य सिकाउँथिन्। आफ्ना बाबुको मनिषाजस्तै बनाउने सपना र अर्कोतर्फ विमला फूपूझैं नृत्यांगना हुने चाहनाका बीच १३ वर्षको उमेरमा नै उनका लागि अभिनयको ढोका खुल्यो। त्यो मौका उनलाई निर्देशक रेशराज आचार्यले दिएका थिए।

उनी बाल कलाकारका रूपमा भएको अभिनय यात्रा यसरी सम्झना गर्छिन्, 'उहाँ मेरो बाबाको साथी हो। उहाँले मलाई 'आमा' भन्ने टेलिशृंखलामा छोरीको भूमिकामा पहिलोपटक अभिनय गराउनुभएको थियो। मेरो अभिनय यात्रा सोही टेलिशृंखलाबाट बाल कलाकारका रूपमा भएको हो। त्यो टेलिशृंखलाको सुटिङ सकिँदासम्म म १४ वर्षको भइसकेकी थिएँ। त्यो टेलिशृंखला छायांकन भए पनि कहिले पनि 'रिलिज' भने हुन पाएन।' टेलिशृंखला प्रसारणमा नआए पनि यसले उनको अभिनयको लामो यात्रा कोरिदिने काम भने गर्‍यो।

यो २०५१ सालतिरको कुरा हो। आचार्यले त्योसँगै विपनालाई शक्ति साबुनको विज्ञापनमासमेत अभिनय गराए। 'आमा' टेलिशृंखलाको सुटिङका दौरानमा कलाकार तथा निर्देशक मोहन निरौला सुटिङस्थल पुगेका थिए। दुवै जनाको पुरानै मित्रताको चिनाजानी थियो। उनले सुटिङमा विपनालाई सिनेमा गर्ने प्रस्ताव गरे। त्यतिबेला मोहन एउटा सिनेमा निर्देशनको तयारी गरिरहेका थिए। भर्खर १४ वर्ष लागेकी विपनाले टेलिशृंखलालाई नै सिनेमा मानिरहेकी थिइन् र उनले अबोध शैलीमा मोहनको प्रस्तावमा 'मैले त खेलिसकें' भन्ने जवाफ दिए। निरौलाले विपनालाई पुनः 'ठूलो पर्दाको फिल्म खेल्ने हो ?' भनेर सोधेपछि भने विपनाले 'मेरो घरमा आएर सोध्नुस्,' भन्ने जवाफ दिइन्। त्यसपछि निर्माता छविराज ओझा, राजकुमार शर्मा, निरौलालगायतका विपनाको घरमै पुगे र परिवारसँग कुरा गरे। 'एसएलसी दिएको पर्सिपल्टको कुरा हो यो,' उनले भनिन्। परिवारले विपना थापालाई सिनेमा गर्ने अनुमति दियो। यसरी 'जन्मभूमि' उनको डेब्यू सिनेमा हुनपुग्यो।

नायिका हुने पक्का भएको दिन उनले आफ्नो पिताजीले भनेको कुरा स्मरण गरिन् र यस्तो सोचिन्, 'ओहो ! म त कत्रो ठूलो के-के भइछु लागेको थियो किनभने मैले अभिनेत्री भनेर चिनेको-सुनेको नाम मनिषा कोइराला थियो। उहाँ राजनीतिक परिवारमा जन्मिएकी र हुर्केकी मान्छे। अनि मेरो बुबाले पनि यसलाई त मनिषाजस्तो नायिका बनाउनुपर्छ भन्नुहुन्थ्यो सानैदेखि। त्यसैले नायिका हुने पक्का हुनेबित्तिकै मैले मनिषा म आफू नै हो कि भनेर अनुभव गरिरहेकी थिएँ। म पनि त्यस्तै बन्ने भएँ भन्ने लागेको थियो।'

विपनाले आफ्नो पहिलो सिनेमाका लागि पारिश्रमिक पाँच हजार रूपैयाँ र मुठ्ठीभरि त्यतिबेलाको लोकप्रिय ह्वाइट र्‍याबिट चक्लेट पाइन्। पाँच हजार पैसाले धेरै खुसी भइन् या एक मुठ्ठी चकलेटले भन्ने प्रश्नमा उनी हाँसिन्। 'ओहो ! पाँच हजार रूपैयाँ भयो। त्यो पनि आजभन्दा करिब २८-२९ वर्ष अगाडि, आजको पाँच लाखसरहको पैसा होला त्यो सायद।'

पाँच हजारमा पहिलो सिनेमा खेलेकी विपनालाई त्यस वर्ष सिनेमाको ओइरो नै लाग्यो। त्यो वर्ष डेब्यू सिनेमा 'जन्मभूमि'सहित सातवटा सिनेमामा काम गरिन्। पाँच हजार र एक मुठ्ठी ह्वाइट र्‍याबिट चक्लेटबाट सुरु भएको उनको पारिश्रमिक बाँकी छ सिनेमामा कुनैमा २० त कुनैमा २५ हजार रूपैयाँ पारिश्रमिक लिइन्। ठ्याक्कै सम्झना नभए पनि उनले सोही वर्ष ३५ हजारसम्म पैसा पाएको सम्झना छ।

सिनेमा उद्योगबाट बिदा नहुँदासम्म अधिकतम पाँच लाख रूपैयाँ बुझिन्। यो रकम लिँदा नेपाली रजतपट वृत्तमा ठूलै हल्लाखल्ला भएको विपना बताउँछिन्। 'त्यो बेलामा राजेश हमाल-विपना थापाले त एउटै सिनेमाको पाँच लाख रूपैयाँ लिन्छन् भनेर ठूलै हल्लाखल्ला भएको याद छ। यो पैसा मैले 'वरमाला' र 'बहादुर' भन्ने दुई वटाका लागिमात्र लिएकी थिएँ,' थापाले भनिन्। २०५१ सालमा सुरु भएको उनको त्यो अभिनय यात्रा २०६५ सालसम्म करिब १५ वर्ष लगातार व्यस्ततामै बित्यो।

उनी आफूलाई अभिनेत्रीका हिसाबले डेब्यू सिनेमा 'जन्मभूमि'ले नै परिपक्व बनाएको बताउँछिन्। यसो हुनुको पछाडि उनीसँग सो सिनेमामा सँगै काम गरेका त्यतिबेलाका चर्चित र प्रतिभाशाली कलाकारलाई श्रेय दिन्छिन्। त्यो सिनेमामा त्यतिबेलाका चर्चित अनुहारहरू सरोज खनाल, शिव श्रेष्ठ, मौसमी मल्ल, गीताञ्जलि तथा सुनिल थापालगायतका कलाकारको पल्टन नै थियो।

'चर्चित कलाकारहरूको भीडमा म १४ वर्षकी सानी केटी पहिलोपटक सिनेमा खेल्दै थिएँ। उहाँहरूबीच म पहिलोपटक ठूलो पर्दाको सिनेमा खेल्दै गरेकी केटीलाई अभिनय सिकाउने प्रतिस्पर्धाजस्तो हुन्थ्यो,' उनले भनिन्, 'सरोज दाइसँग सिन पर्दा बसुन्धरा भुसाल दिदी आएर सरोजले आफ्नो मात्र अनुहार देखाउला नि नानी भन्नुहुन्थ्यो, मौसमी दिदीले त्यस्तै भनेर गाइड गर्ने, सरोज दाइले त्यस्तै भन्ने। सब मेरो गुरुजस्तो हुनुभयो र सिकाउनुभयो।' विपनाका अनुसार दिग्गज कलाकारहरूको मार्गदर्शन र सिकाइले सिनेमाको लाइट, क्यामरासँग कसरी साक्षात्कार गर्ने भनेर उनलाई दोस्रो सिनेमाको अनुभव आवश्यक परेन।

त्यो वर्ष लगातार सात सिनेमामा अभिनय गरेकी विपनाले डेब्यू वर्षमा नै सर्वोत्कृष्ट नवअभिनेत्री अवार्ड उचाल्न सफल भइन्। 'त्यो वर्ष डेब्यू सिनेमा 'जन्मभूमि'सँगै, गोठालो, अपहरण, चुनौती गरी सात सिनेमा खेलें। त्यो वर्ष मैले सर्वोत्कृष्ट नवअभिनेत्री तथा व्यस्त अभिनेत्रीको अवार्ड जितें,' उनले सुनाइन्।

त्यो समयमा यो-त्यो भूमिका कथा विषयवस्तु नभनी सिनेमाहरू गर्ने गरेको उनी बताउँछिन्। उनी प्रस्ताव आएका र समयले भ्याएसम्मका सिनेमा गरेको सम्झन्छिन्। हामी यो त्यो सिनेमा गर्दैनथ्यौं। प्रस्ताव आएका सबै सिनेमा गर्थ्यौं। समय मिलायो काम गर्‍यो, अब अहिलेजस्तो परिपक्व भएर पनि आइएको हुँदैनथ्यो। हामी निर्देशकले जे भन्यो त्यो गर्थ्यौं। यो गर्छु, त्यो गर्दिनँ, यस्तो खाँदिन भन्ने पनि हुन्नथ्यो। एउटा पारिवारिक माहोलमा काम गर्थ्यौं।'

पर्दामा उनको कुशल नृत्यकौशल र अभिनय क्षमताबाट नै दर्शकमाझ लोकप्रिय बन्न सफल भए। उनी आधुनिक युवती, बुहारीलगायतका सबै भूमिकामा फिट लाग्थिन् र सबैभन्दा बढी एउटा मिहेनती कलाकारको परिचय उनले बनाएकी थिइन्। करिब ११४ वटा सिनेमामा अभिनय गरेको बताउने विपनाले धेरै सिनेमा उस्तै खालको भूमिका गरे पनि 'तँ त साह्रै नै बिग्रिस नि बद्री !' सिनेमामा निर्वाह गरेको चरित्रलाई कहिल्यै बिर्सन सक्दिनन्। सुरुमा उनलाई नायिकाको सकारात्मक भूमिकामा काम गराउने सहमति भए पनि परिस्थितिवश नकारात्मक भूमिका गर्नुपर्ने बाध्यता आइपर्‍यो। उनले त्यो भूमिकालाई खुबै टार्न खोजिन्। सो भूमिका नगराइयोस् भनेर सिनेमाका निर्माता-निर्देशकसँग रोइन् पनि।

त्यो समयमा सकारात्मक भूमिका गर्दै आएको अभिनेत्रीले नकारात्मक भूमिका गर्नु 'करिअर'कै लागि ठीक नहुने सोचिन्थ्यो र कलाकारहरू पनि सोही कुरामा विश्वास मान्थे। विपनाले सो सिनेमा खेल्नुअघि नायिकाका रूपमा सकारात्मक भूमिकामा देखिँदै आएकी थिइन्। यो सिनेमामा नकारात्मक भूमिका खेल्दा भोलिका दिनमा आफूलाई असर गर्नसक्ने उनको बुझाइ थियो। पछि उनको बिहेमा कन्यादानसमेत दिएका निर्माता किरण केसीले सम्झाएपछि मात्र मनले नमानीनमानी अभिनय गरिन्।

सो सिनेमाको 'ह्विस्की' नामको पात्र आजसम्म पनि उनलाई मन पर्दैन। 'अर्काको श्रीमान्‌सँग लाग्ने र घरमा श्रीमती हुँदाहुँदै अर्की श्रीमती पनि बनाउन खोज्ने मान्छे मलाई पहिलोदेखि नै मन नपर्ने। मेरो पात्र ठ्याक्कै त्यस्तै सिनेमामा। त्यो पात्र मलाई पटक्कै गर्न मन लागेको थिएन। तर हरिवंश आचार्य र किरण केसीले यो एउटा चरित्र हो, कलाकार भएपछि हरेक किसिमको भूमिका गर्नुपर्छ, यसले तिम्रो फिल्मी 'करिअर'मा कुनै पनि नकारात्मक असर गर्दैन भनेर कर गरेपछि मैले गरेँ।' सिनेमा 'रिलिज' भएपछि उनले जे सोचेर डर मानेकी थिइन्, ती कुनै पनि कुराले उनलाई असर गरेन। उनी त्यसपछि पनि सकारात्मक भूमिकाको रोजाइमा परी नै रहिन्।

विपना थापाको रूपमा आज पाइरहेको परिचयका लागि नेपाली सिनेमा उद्योगलाई आफूले सधैं सम्झिराख्ने उनको भनाइ छ। नेपाली सिनेमामा नआएको भए आजकी विपना अर्को कुन संसारमा हुन्थैं भन्ने जवाफ आफूसँग नभएको बताउँछिन्। '१४ वर्षबाट सुरु मेरो सिनेमा यात्राका सक्रिय वर्षहरू हरेक वर्ष पाँच/सातवटा सिनेमा खेल्दैमा बिते। अन्तिम सिनेमा गर्दासम्म म व्यस्त नै थिएँ। १४-१५ वर्षको त्यो उमेरमै सिनेमामा नभए कता हुन्थे भनेर कहिले सोच्ने फुर्सद नै भएन,' उनले सुनाइन्।

आफ्ना जीवनका व्यस्त दैनिकीमा उनले लगातार ३६ घण्टासम्म लखतरान भएर ढल्ने गरीसम्म काम गरेको सम्झन्छिन्। 'मलाई याद छ। मैले नसुतीनसुती लगातार ३६ घण्टा सिनेमाको सुटिङ गरेकी छु। अर्जुन भन्ने सिनेमामा धिरन शाक्यसँग बालाजुको बाइसधारा सिनेमामा त्यसरी काम गरेको थिएँ। त्यो बेला सुटिङ गर्दागर्दै बाइसधारा माथिबाट सीधै भुइँमा लडेँ। धिरेन दाइले नसमात्नुभएको भए आज विपना जीवित हुँदैन थिएँ होला। लगातार ३६ घण्टा काम गर्दा म निकै कमजोर भएकी थिएँ,' उनले भनिन्।

त्यस्तो व्यस्ततालाई चट्टै छोडेर घरजममा लागेकी विपना १७ वर्ष पछाडि 'ह्रस्वदीर्घ' सिनेमामार्फत पुनः नेपाली रंगीन दुनियाँमा फर्किएकी छन्। यो आफ्ना पति र छोराका कारण सम्भव भएको उनी बताउँछिन्। 'अहिले सिनेमामा फर्किनुको कारण मेरो छोरा र श्रीमान् हो। बाबुछोराले नै काम गर्न मन लागेको छ भने गर्नु भनेपछि फर्किएकी हुँ।' विपनाका श्रीमान्‌ले 'यो जीवन भनेको तिम्रो आफ्नो रोजाइको जीवन हो' भनेर हौस्याए भने छोराले पनि म आफूलाई हेर्नसक्छु तपाईं काम गर्नुस् भने। त्यसो त उनकी सासू पनि बुहारीको इच्छा मार्ने पक्षमा थिइनन् तर विवाहपछि छोराको जन्म र अन्य घरायसी परिस्थितिले विपना सिनेमामा फर्कन पाइनन्।

'मेरो सासूलाई मेरो सुटिङ हेर्ने असाध्यै रहर थियो। विवाह लगत्तै एक/डेढ वर्षमै म गर्भवती भएँ। सन्तानका कारण काम गर्ने कुरा भएन, त्यसपछि मेरो सासूलाई क्यान्सर भयो। घरको जेठी बुहारी भएपछि उनलाई हेर्नुपर्‍यो,' उनले भनिन्, 'त्यसपछि ससुरा बिरामी पर्न थाल्नुभयो, फेरि उहाँको हेरविचार गर्नुपर्‍यो। यस्ता कुराले चाहेर पनि परिवारको समर्थन हुँदाहुँदै पनि मैले आफूलाई निरन्तरता दिन सकेकी थिइनँ। अहिले जिम्मेवारी कम छ, कामका लागि समय छ।'

यसबीचमा सामाजिक सञ्जालमा पोस्टहरू हाल्दा उनलाई सिनेमामा फर्किनुपर्ने सुझावहरू प्रशस्तै आए। यसले पनि उनलाई सिने क्षेत्रमा फर्किन हौस्यायो। अहिले उनको हातमा तीन-चारवटा सिनेमा छन्। वर्षौंपछि 'सुटिङसेट'मा पुग्दा उनी भावुक हुन पुगिन्। बिछोडिएको बच्छेडीले आमा भेटेजस्तो। 'वर्षौंदेखि मन परेको मान्छेलाई भेट्दा कति रुन मन लाग्छ, मलाई त्यस्तै भयो। त्यो सम्झिँदा अहिले पनि मेरो आँखा भरिन्छन्। पुराना पत्रकार साथीहरूलाई भेट्दा पनि मलाई भावुक बनायो,' उनले भनिन्। हिजो कात्तिक ३० गते उनी अभिनित 'ह्रस्व दीर्घ' रिलिज भएको छ। *रासस*

# यसरी जोगिन सकिन्छ लेक लाग्नबाट

**राम थापा / गण्डकी**

उच्च पहाडी र हिमाली भेगमा घुम्न निस्केका पर्यटकको लेक लागेर मृत्यु भएका घटना बर्सेनि सुनिन्छन्। मुख्य पर्यटकीय याम (असोज-मंसिर) र (चैत-जेठमा) यस्ता घटना बढी हुने गर्छन्। पदयात्रा र तीर्थयात्राका लागि प्रख्यात अन्नपूर्ण क्षेत्रमा मात्र गत आवमा लेक लागेर २१ जना पर्यटकले ज्यान गुमाएका थिए। जसमध्ये छ जना नेपाली, ११ जना भारतीय, मलेसियाका दुई, युक्रेनका एक र एक बेलायती नागरिक थिए। यसरी लेक लागेर मृत्यु हुनेको संख्या सालिन्दा बढ्दो छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार अधिकांश लेक लाग्ने घटना मुस्ताङको मुक्तिनाथ क्षेत्रमा हुने गरेका छन्। मुक्तिनाथ दर्शनका लागि आउने भारतीय धार्मिक पर्यटक उक्त समस्याबाट बढी प्रभावित हुने गरेका छन्। न्यून चापीय क्षेत्रबाट उच्च स्थानमा पुग्दा हुने उक्त स्वास्थ्य समस्याबाट कसरी जोगिने ? स्वास्थ्य सतर्कताका उपाय के छन् ? चिकित्सक रविरञ्जन प्रधान र पर्यटक पथप्रदर्शक दिवस गुरुङसँगको कुराकानीमा आधारित रहेर हामीले यो सामग्री प्रस्तुत गरेका छौं।

## सतर्कता र सावधानी

उच्च पहाडी या हिमाली भेगको यात्रामा जाँदा विश्राम लिँदै जानुपर्छ। कम उचाइ भएको ठाउँबाट उचाइ भएको ठाउँमा एक्कासि पुग्दा लेक लाग्न सक्छ। यो समस्या विशेषगरी मुस्ताङको मुक्तिनाथ र मनाङको तिलिचो ताल जाने पर्यटकका बढी देखिने गरेको छ। काठमाडौं उपत्यकालगायत तराई भेगबाट एकैदिनमा ३७ सय १० मिटरमा पर्ने मुक्तिनाथ र चार हजार ९१९ मिटरको उचाइमा अवस्थित तिलिचो ताल पुग्दा लेक लाग्ने गरेका उदाहरण धेरै छन्। मुक्तिनाथ पुग्ने भारतीय पर्यटक पनि मोटर लिएर एकैपटकमा मुक्तिनाथ पुग्दा लेक लाग्ने समस्या बढी देखिने गरेको हो।

लेक लागेर पर्यटकको मृत्यु हुने क्रम बढ्दै जान थालेपछि पछिल्लो समय मुक्तिनाथमा प्रारम्भिक उपचार र उद्धारका लागि आकस्मिक कक्षसमेत सञ्चालनमा ल्याइएको छ। पदयात्रा गर्नेहरू ठाउँठाउँमा विश्राम लिँदै जाने हुँदा लेक लाग्ने सम्भावना न्यून हुन्छ, गाडी र मोटरसाइकलमा एकैचोटि उचाइमा जानेहरूलाई बढी समस्या देखिने गरेको छ। स्थानीय हावापानीसँग अनुकूलन हुँदै विश्राम लिँदै यात्रा गर्दा लेक लाग्ने समस्याबाट बच्न सकिन्छ। पदयात्रा गर्ने पर्यटकले एक दिनमा ५०० भन्दा बढीको उचाइ पार नगर्नु राम्रो मानिन्छ।

शारीरिक, मानसिक स्वास्थ्य र तन्दुरुस्तीसहित पदयात्रामा निस्कनुपर्छ। नयाँ र टाढाको गन्तव्यस्थल छ भने एक्लै पदयात्रा गर्नुहुँदैन। पदयात्रा गर्दा पथप्रदर्शक साथ लिएर जाँदा धेरै सहज हुन्छ। हिमाली क्षेत्रमा झण्डै छ हजार मिटरसम्म उचाइ छिचोलेर पदयात्रा गर्नुपर्ने गन्तव्य रहेकाले एक्लै जानु जोखिमपूर्ण हुन्छ। सामान्यतया समुद्री सतहदेखि तीन हजार मिटरको उचाइमा पुग्दा 'अल्टिच्युड सिकनेस'को लक्षण देखिन सक्छ।

स्थानीय वातावरणमा अनुकूलन हुँदै अगाडिको यात्रा तय गर्नुपर्छ। जस्तो कि मुक्तिनाथ जानु छ भने एकदिन जोमसोममा विश्राम लिएर जानु उपयुक्त हुन्छ। तिलिचो ताल पुग्नु छ भने आधार शिविरमा एकदिन विश्राम लिनुपर्छ। हिमाली भेगको यात्रामा जाँदा स्वास्थ्यको विशेष ख्याल राख्नुपर्छ। लामो दूरीको पदयात्रामा जानु छ भने समूहमा या पथप्रदर्शक लिएर मात्र जानुपर्छ। हिमाली क्षेत्रको मौसमको अनुकूलतालाई ध्यान नदिँदा पनि कतिपय पर्यटकहरू समस्यामा पर्ने गरेका छन्।

## लक्षण र उपचार

लेक लाग्नुलाई मेडिकल भाषामा 'हाइपोब्यारिक हाइपोक्सिया' भनिन्छ। यो समस्या अक्सिजनको कमीले हुने गर्छ। जुनसुकै उमेरको व्यक्तिमा लेक लाग्ने समस्या निम्तन सक्छ। लेक लाग्दा टाउको भारी हुने, वाकवाकी लाग्ने, बान्ता हुने आदि लक्षण देखिन सक्छ। पदयात्रामा जाँदा प्राथमिक उपचारका औषधि र सामग्री साथमा बोक्नुहोस्। लेक लाग्दा अक्सिजनको मात्रा घट्न गई मानिसको ज्यानसमेत जान सक्छ।

लेक लागेर सिकिस्त हुनुपर्व यति कुनै लक्षण देखिएको छ भने तत्काल यात्रा अगाडिको यात्रा रोकेर कम उचाइ भएको ठाउँमा फर्कनुहोस्। लेक लाग्न नदिन चिकित्सकले सुझाएको औषधि पनि खान सकिन्छ। तर सामान्य लक्षण देखिएपनि तल फर्किनुपर्छ। लेक लागेर जटिल अवस्थामा पुगेका बिरामीको समयमा उद्धार र उपचार हुन सकेन भने ज्यान जोखिममा पर्छ। हिँड्दा प्रशस्त पानी पिउनपर्छ। लेक लागेको बेला आराम गर्ने पानी वा झोलिले खानेकुरा उत्तम मानिन्छ। पहिलोपटक धेरै उचाइमा पुग्नेलाई लेक लाग्ने सम्भावना बढी हुन्छ।

लेक लाग्ने समस्याका तीन अवस्था हुन्छन्। पहिलो अवस्थामा टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता आउने, कमजोर महसुस हुने जस्ता लक्षण देखिन्छन्। दोस्रो अवस्थामा फोक्सो सुनिने, फोक्सोमा पानी जम्ने, श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ। तेस्रो र अन्तिम अवस्था भनेको मस्तिष्क सुनिनु हो। फोक्सो र मस्तिष्क सुनिएका बिरामीले समयमा उपचार नपाउँदा अवस्था गम्भीर भएर मृत्यु हुनसक्छ। जटिल अवस्थाका बिरामीलाई हेलिकप्टरबाट उद्धार गरेर अस्पताल पर्‍याइएका उदाहरण पनि छन्। *रासस*



**डिग्रे मेला** | रुकुम पश्चिमको मुसिकोट नगरपालिका–५ थर्पुमा रहेको धार्मिक स्थलका रूपमा परिचित डिग्रे मेलामा शुक्रबार मेला हेर्न आएका सर्वसाधारण । यहाँ हरिवोधनी एकादशीदेखि पूर्णिमासम्म ठूलो मेला लाग्ने गर्दछ । *तस्बिरः बलबहादुर ओली/रासस*

# ‘गाउँ छोड्दै युवा, बाँझिँदै जमिन’

■ हरि जिज्ञासु

**आठबिसकोट (रुकुम पश्चिम)–** रुकुम पश्चिमको आठबिसकोट नगरपालिका–३ खदी गाउँको करिब ३०० रोपनी खेतीयोग्य जमिन अहिले बाँझो छ । गाउँका युवा उच्च शिक्षा र रोजगारीका लागि गाउँ छोडेर सहर तथ विदेश जान थालेसँगै यहाँको खेतीयोग्य जमिन बाँझिँदै गएको हो ।

एक दशक अघिसम्म खदी गाउँका खेतमा प्रशस्त अन्न, तरकारी र फलफूल उब्जन्थ्यो । अहिले युवाशक्तिको अभावमा करिब ४५० परिवारका अधिकांश जग्गा बाँझो रहेका स्थानीय बुद्धिजीवी हरिबहादुर बुढामगरले बताए । खदी गाउँको कालजुरा, लहाँ, चिञ्चौर, बाँस्तला बजिनीलगायत गाउँका अधिकांशले आजभोलि खेती गर्न छोडेका छन् ।

बुढामगरले भने, ‘जनशक्ति अभावले खदीका स्थानीय खेतीयोग्य जमिन बाँझै छाड्न बाध्य छन् । अध्ययन र रोजगारीका सिलसिलामा युवा पलायन हुँदा खदी गाउँको रौनक हराएको छ ।’ तली, सल्लेरी र पाटा गाउँ मिलेर खदी गाउँ बनेको छ । कुनै बेला युवा बाहुल्य रहेको खदी गाउँमा आजभोलि विस्तारै बस्ती पातलिँदै गएको छ । युवा जनशक्ति शिक्षा र रोजगारीको खोजीमा गाउँ छोडेर बाहिरिँदा कालजुरा, लहाँ, बाँस्तला, चिञ्चौरलगायतको बस्ती खाली हुने अवस्थामा पुगेका बुढामगरले बताए । गाउँघरमा चल्ने अर्मपर्ममा युवा भेट्नै मुस्किल हुन थालेको छ । टोल छिमेकमा मर्दापर्दा तथा सामुदायिक कार्यक्रममा युवाको सहभागिता कमै देखिन्छ । सरसफाइ, खानेपानी र बाटोघाटो निर्माणलगायत वृद्धवृद्धाको भरमा सञ्चालन हुने गरेको उनले बताए ।

कालजुरा, लहाँ, चिञ्चौरलगायत स्थानमा पहिले बाक्लो बस्ती थियो । यहाँका किसान खेतीपाती र पशुपालनबाट आत्मनिर्भर थिए । कुनै समय गुल्जार भएका ती गाउँ आजभोलि सुनसान छन् । मकै र गहुँ उत्पादन हुने यी गाउँका खेतीयोग्य जमिन बाँझिएका छन् । खेतीयोग्य जमिन बाँझो रहनुको कारण युवा पलायन हुनु र बाँदरबाट उत्पादित खेती बचाउन नसक्नु रहेको बुढामगरको भना छ ।



परम्परागत कृषिबाट गुजारा नचलेपछि खदीका केही घरधुरी आठबिसकोट नगरपालिकाको राडी बजार, सदरमुकाम मुसिकोट, दाङ, सुर्खेतलगायत सहरमा बसाइँ सरेका छन् । वैदेशिक रोजगारीमा गएका कतिपय युवाले पनि सहरबजारतिर जमिन जोडेका छन् ।

बाध्यताले गाउँ छाडेर सहर पुगेका युवा त्यहीँ रमाएर गाउँ नर्फकिँदा गाउँ रित्तिँदै गएको स्थानीय शिक्षक कमल रोकाको अनुमान छ । उच्च शिक्षाका लागि केही समय काठमाडौंमा रहेका उनले भने, ‘स्वास्थ्य, शिक्षा, रोजगारीलगायत आधार भूत आवश्यकताको उचित प्रबन्ध हुन नसक्दा अवसरको खोजीमा गाउँ छाडेका युवा पुनः गाउँ फर्कंदैनन् ।’

आठबिसकोट–३ का वडाध्यक्ष केशरमान विकले युवा पुस्ताले धमाधम गाउँ छाड्दा जनशक्ति अभावले खेतीयोग्य जमिन बाँझिदै गएकामा चिन्ता व्यक्त गरे । नगरपालिकाले आधुनिक कृषि प्रणाली अपनाएर उत्पादन वृद्धि गरी स्थानीयलाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ काम गरिरहेको भन्दै उनले युवाको अभावमा नगरको आत्मनिर्भर अभियान कार्यान्वयनमा समस्या देखिएको उल्लेख गरे ।

अहिले खदी गाउँमा खसी, राँगा तथा स्थानीय प्रजातिका कुखुरापालन हुन छोडेको स्थानीय नरबहादुर बुढाले बताए । ‘गाउँमा बाटो पुगेसँगै पहिलेको भन्दा सेवासुविधा पनि बढेको छ । अवसरको खोजीमा गाउँ बाहिर जाँदा खेती गर्ने, पशुचौपालन गर्नेको कमी हुँदै गएको छ,’ उनले भने । उनका अनुसार कुनै समय झारमारे, जलजला, बसेरा चरनक्षेत्र र बुकीपाटन पशुचौपायाले भरिनेमा अहिले पशुपालन नभएपछि बुकीपाटन रित्ता देखिन्छन् ।

‘बर्खायाममा गोठाला र पशुचौपायाले रमझम हुने खर्कहरू अहिले सुनसान छन् । कतिपय घरपरिवारले भने भेँडापालनलाई निरन्तरता दिँदै आएका छन्,’ स्थानीय सुरेश विकले भने । जनशक्ति अभाव हुँदा जीर्ण बनेका घर पुनर्निर्माण भएका छैनन्, भत्केका घर झाडीमा परिणत भएका छन् भने जमिन बाँझा छन् । कतिपय बस्तीसम्म सडक सञ्जाल विस्तार नहुँदा किसान काम गर्न घण्टौं पैदल हिँडेर पुग्नुपर्ने बाध्यता छ ।

अत्यावश्यक पूर्वाधारको कमी, आधारभूत सेवाको पहुँच नहुनु तथा युवा जनशक्तिको अभावलगायत कारणले खदी गाउँका स्थानीय कृषि पेसाबाट पलायन हुन थालेका स्थानीय बुद्धिजीवी रणबहादुर परियारले बताए । ‘पहिले गाउँलेहरू वर्षभरि खाना पुग्ने अन्न उत्पादन गर्न गाउँगाउँ गएर परम्परागत कृषिमा आबद्ध हुन्थे । अहिले पारिवारिक सदस्य कम हुँदा विस्तारै परम्परागत कृषि पेसा छोड्दै गएका छन् ।’

रणबहादुरले घरमा काम गर्न सक्ने सदस्यको कमी रहेको बताउँदै भएको बारी बेच्ने योजना बनाएको बताए । ‘छोराछोरी साना छन् । घरबारी बिक्री गर्न चाहे पनि खरिद गर्ने कोही छैनन् । सबैले गाउँ छाडेपछि किन्ने मान्छे पनि पाइँदैन,’ उनले भने ।

खदी गाउँका अधिकांश परिवारमा रणबहादुरको कथा छ । वडा नं ३ का करविर परियारले काल्जुराको घर छाडेको आठ वर्ष भएको बताए । ‘बसोबास नभएपछि पुर्खाको घर भत्केको छ,’ उनले भने, ‘काम गर्ने जनशक्ति नभएपछि अहिले थोरै क्षेत्रफलमा खेतीपातीसँगै बाख्रापालन गरेको छु ।’

सबैले घर छाडेपछि भत्किएका घरमा बाँदरको रजाइँ छ । बाबु, बाजेले रगत पसिना बगाएर जोहो गरेको पुर्ख्यौली ठाउँमा शिक्षा, स्वास्थ्य, रोजगारीलगायत अवसर सिर्जना गरी युवा पलायनदर रोक्नुपर्ने स्थानीय बताउँछन् । खदी गाउँ पर्यटकीय सम्भावनाले भरिपूर्ण छ । यहाँबाट झारमारे लेक, जलजला, सिस्ने हिमाल र चित्रिपाटनको दृश्यावलोकन गर्न सकिन्छ । गाउँलाई व्यवस्थित गरी अवसर सिर्जना गर्न सके आन्तरिक तथा बाह्य पर्यटक भित्र्याएर आर्थिकस्तर सुधार गर्न सकिने स्थानीयको भनाइ छ । *रासस*

# हिउँद नलाग्दै सुक्न थाले खोला

■ सुदीप राउत

**सिरहा–** सिरहाको मिर्चैया नगरपालिका–७ स्थित खोरियाटोलकी चमेली सदायलाई नजिकै रहेको चुनिया खोलामा पानी सुक्दै जान थालेपछि चिन्ता बढेको छ । गाईबस्तुलाई खुवाउने पानीका लागि त्यही खोलामा रसाइरहेको पानीमा आश्रित चमेलीजस्तै यस खोरियागाउँका २६ घरपरिवारलाई अब पानीको जोहो कसरी गर्ने चिन्ताले सताएको छ ।

दैनिक १०/१५ गाग्री पानी ओसार्ने चमेलीले सुक्दै गरेको खोलातर्फ देखाउँदै सिंगो हिउँद समय कसरी पानीको समस्या टार्ने जनाउँदै चिन्ता व्यक्त गरिन् । ‘दिनदिनै खोलाको पानी सुक्दै जान थाल्यो । अबको एक/दुई दिनमा गाग्रो भर्ने समस्या होला जस्तो छ,’ गाग्रोमा पानी भर्दै गरेकी उनले भनिन्, ‘हिउँदको छ महिना पूरै गाउँ काकाकुल हुन्छ । खोला, इनार, कुवा सबै सुक्छन् । मान्छेलेसमेत तीर्खा मेट्ने मुस्किल हुन्छ, बस्तुभाउको के कुरा ।’

चुरेको फेदमा अवस्थित यो गाउँ सुख्खा क्षेत्र भएकोले बर्सेनि खानेपानीको हाहाकार हुने स्थानीयवासी खड्गबहादुर विश्वकर्माले बताए । उनले भने, ‘मंसिर नलाग्दै पानीका स्रोत सुक्न थाले । पानीकै चरम अभावले बसाइँ सर्ने अवस्था आइसक्यो । न त अघाउञ्जेल पानी पिउन पाइन्छ, न त कुनै बालिनाली सप्रिन्छ । हाम्रो त उठीबासको अवस्था छ ।’

हिउँद समयमा अधिकांश चुरे क्षेत्रका पानीका स्रोत सुक्ने भएकाले दुई घण्टाको बाटो दक्षिणतर्फ धाएर फूलबारियाबाट पानी ओसार्नुपर्ने नियती उनले दोहोऱ्याए । दुई दशकदेखि खोरिया गाउँमा बस्दै आएका विश्वकर्माका अनुसार अहिलेसम्म गाउँमा खानेपानी, विद्युत् र सडकसमेत विस्तार भएको छैन । चुनावताका विकासका आश्वासन पाउने गरे पनि सधैंभरि गरिबी, अभाव र पीडामा जिन्दगी चलिरहेको उनको भनाइ छ ।

उनले भने, ‘आसैआसमा जिन्दगी जानेभो हजुर । हामी गरिबका लागि कुनै सरकार रहेनछ ।’ अन्नको नाउँमा परम्परागत कोदो खेतीमात्र वर्षमा एकपटक उत्पादन गर्नु यहाँका किसानको बाध्यता हो । अन्य बाली खडेरीले खाने विश्वकर्माको भनाइ छ ।

खोरियागाउँमा पानीको समस्याबारेमा मिर्चैया नगरपालिका बेखबर छैन । गत आर्थिक वर्ष दुई किलोमिटर दक्षिणतर्फ रहेको मौरहामा मधेस प्रदेश सरकारको स्रोतबाट ‘डिपबोरिङ’ गाड्ने भनी अध्ययनसमेत भइसकेको मिर्चैया–७ का वडाध्यक्ष रामदयाल ठाकुर बराहीले जानकारी दिए । चालु आर्थिक वर्षमा त्यो योजना पूरा गर्नेगरी यस भेगमा अभाव हुने खानेपानीको समस्या समाधान गर्न आफू लागिपर्ने वडाध्यक्ष बराहीले प्रतिबद्धता व्यक्त गरे ।

जलवायु परिवर्तनको असरका कारण चुरे क्षेत्रका अधिकांश क्षेत्रका कुवा, इनार र खोला सुक्ने हुँदा नगरपालिकाको मात्र नभएर देशकै लागि चुनौती बन्दै गएको नगरप्रमुख श्रवणकुमार यादवको भनाइ छ । अघिल्लो वर्षको हिउँद समयमा कतिपय सुख्खा क्षेत्रमा ट्र्याक्टरमा पानी ओसारेर गाउँबस्तीतिर वितरण गरेको स्मरण गर्दै स्थानीयको समस्याबारे आफू जानकार रहेको र समस्या समाधानका लागि पहल गरिरहेको उनी बताउँछन् ।

‘नगरपालिकाले चुरेक्षेत्रलाई लक्षित गरी यस आर्थिक वर्षमा तीनवटा डिपबोरिङ सम्पन्न गर्ने लक्ष्य राखेको छ, जसमध्ये वडा नं ९ को घुर्मीमा एउटा बोरिङ चालु गरिएको छ । अन्य स्थानमा त्यसका लागि प्राविधिक अध्ययन गरिरहेका छौं,’ उनले भने, ‘स्थानीय स्रोत र साधनले मात्र सम्भव छैन । त्यसका लागि प्रदेश तथा केन्द्रमा पनि पहल गरिरहेका छौं । पानीको चरम अभाव रहेका क्षेत्रलाई प्राथमिकतामा राखेर योजना अगाडि बढाउने छौं ।’ उनले नगरका उत्तरी भेगका खोरिया, रामपुरा, सुन्दरपुर, ननुवालगायतका बस्तीमा पानीको समस्या देखिएको र अब एकीकृतरूपमा समस्या समाधानको पहल गर्नुपर्नेमा जोड दिए ।

पछिल्लो समय चुरेक्षेत्रमा पानीका सतह गहिरिँदै जाँदा ठूला ‘डिपबोरिङ’ असफल भइरहेकाले यसको विकल्पका बारेमा योजना बनाउनुपर्ने जानकार बताउँछन् । वातावरणविद् दिनेश यादव भन्छन्, ‘डिपबोरिङ पनि खानेपानी समस्या समाधानकको दीर्घकालीन उपाय होइन भन्ने कुरा अन्य ठाउँका अभ्यासले देखाइसकेको छ । त्यसैले चुरे संरक्षणका साथै यहाँका वन व्यवस्थापन, जलाधार क्षेत्र संरक्षण र नदी कटान नियन्त्रणमा तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयन गर्नुको विकल्प छैन ।’ *रासस*

# जनकपुरधामबाट अयोध्यामा तिलक लगिँदै



**जनकपुर (प्रस)–** विश्व हिन्दू परिषद् नेपाल जनकपुरधामको नेतृत्वमा नागरिक समाजसहितको सहभागितामा आज भारतको अयोध्यामा तिलक लैजाने भएको छ । विश्व हिन्दू परिषद् धनुषाका अध्यक्ष सन्तोष साहको अध्यक्षतामा बिहीबार सम्पन्न बैठकले जनकपुरधामबाट आज मंसिर १ गते बिहान तिलक लिएर प्रस्थान गर्ने र रात्रि विश्राम बाराको गढीमाईमा गर्ने निर्णय गरेको उनले बताए ।

तिलक लिएर जाने समूह २ गते अयोध्या पुग्ने र ३ गते तिलकसहित जानकी मन्दिरको पत्र विश्व हिन्दू परिषद्का महासचिव राजेन्द्रसिंह पंकजको अगुवाइमा चम्पत रायलाई हस्तातरण गरिने बताइएको छ । विश्व हिन्दू परिषद्को सक्रियतामा विगत वर्षझैं यस वर्ष पनि सामूहिक विवाह हुने छ । छैटौं पटक हुन लागेको सामूहिक विवाहमा ५१ जोडी युवायुवतीको सहभागिता रहने छ । जनकपुरधामलाई धार्मिक पर्यटकीय नगरिका रूपमा विकासका लागि प्रचारप्रसार गरिने बताइएको छ ।

यसैबीच जनकपुरधाममा मंसिर २१ गते हुने विवाहपञ्चमी मेलाको धुमधामका साथ तयारी भइरहेको छ । त्यसका लागि मधेस प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका र जानकी मन्दिर व्यवस्थापन समितिले तयारी गरिरहेको जनाइएको छ ।


## कुवेतमा रोजगार

कम्पनी : VISION HEALTH SPA INSTITUTE CO.WLL

पूर्व स्वीकृति मिति : २०८१/04/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 308361 | चलानी नं.६०२२३०१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massagist | 4 | 0 | 130 | ५७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 2 | 0 | 130 | ५७,०६० | | | | | | | |

कम्पनी : slice the first doner joyer restaurant co.

पूर्व स्वीकृति मिति : २०८०/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 291918 | चलानी नं.६०२०७८०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 48 | 0 | 130 | ५७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAGIC BODY HEALTH INSTITUTE

पूर्व स्वीकृति मिति : २०७९/१२/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 283331 | चलानी नं.६०१९८६९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASSAGIST | 25 | 0 | 150 | ५७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार

कम्पनी : BRANCH OF MADINA ROCKS CONTRACTING COMPANY सेवाः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 313612 | चलानी नं. ६०२२८०१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 5 | 0 | 1000 | ३५,९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrical technician underground cables | 2 | 0 | 1500 | ५३,९०८ | | | | | | | |
| 3 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६४,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर ८ गते (23rd Nov 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.B. RECRUITMENT SERVICE PVT. LTD
Chuchchepati (Opposite KL tower), Chabahil-7, Kathmandu, Nepal, Tel. No: +977-1-4595967, 4568206, 4584094,
Mob: 9801095968/9818568250, 9704524780, 974-9242391, E-mail : documentsrbrs@gmail.com, Web: www.rbrs.com.np
Govt. License 929/067/68


# जाडो छल्न आगन्तुक चरा आउने क्रम सुरू

**चितवन (प्रस)–** जाडो मौसम सुरु भएसँगै विभिन्न देशबाट जाडो छल्नका लागि चरा आउने क्रम सुरु भएको छ । चितवनका तीन खोलामा कम्बोडिया, चीन, साइबेरिया, रुसलगायतका देशबाट चराहरू यहाँ आएका हुन् ।

नेपाल पक्षीविद् संघ बागमती प्रदेशका संयोजक वासु विडारीका अनुसार अहिले राप्ती, नारायणी र रिउ खोलामा ४० भन्दा बढी प्रजातिका चरा आएका छन् । उनले भने, ‘अहिले नदी किनारमा आगन्तुक चार देख्न थालिएको छ । योसँगै चराहरू हेर्नका लागि आउने पर्यटकसमेत आइरहेका छन् ।’

चखेवा, जलेवा, कालोगरुड, सुरसुरे हाँस, कमन क्रेन, खोया हाँसलगायतका चराहरू आएको उनले बताए । नेपालमा आउने पर्यटकमध्ये चार प्रतिशत पर्यटक चरा हेर्न आउने गरेको उनको भनाइ छ ।



विभिन्न देशमा जाडो बढेसँगै हिउँ पर्ने र नदीहरू हिउँले ढाकिने हुँदा आहाराको खोजीमा चरा आउने गरेको उनले जानकारी दिए । यो समयमा १५० देखि १६० प्रजातीका चार यहाँ आउने गरेको उनको भनाइ छ । संयोजक विडारीले भने, ‘अहिले आएका चराहरूले बच्चा कोरल्ने काम गर्दैनन् । गर्मी मौसम सुरु भएसँगै यी चराहरू फर्कने गर्छन् ।’ तराईको कोशीटप्पुदेखि कर्णालीसम्म पानीमा आश्रित चरा नेपाल आउने गरेको उनले जानकारी दिए ।

अहिले हाँस प्रजातिका चराहरू आइसकेको जनाउँदै उनले अन्य चराहरू पनि आउने क्रम जारी रहेको बताए ।

# प्रभाव दैनिक





## शान्तिश्री र नेत्रको स्वरमा 'आधा मुटु' सार्वजनिक

अभिनेता सुशान्त कार्की र मोडल तथा अभिनेत्री गरिमा शर्माको अभिनय रहेको म्युजिक भिडियो 'आधा मुटु' सार्वजनिक गरिएको छ । मर्मस्पर्शी गीतले एक जोडीकामे प्रेम, विवाह र डिभोर्सको कथा समेटेको छ । शान्तिश्री परियार र नेत्र भण्डारीको स्वर रहेको आधुनिक फ्लेवरको गीतमा रमेश परियारको शब्द रचना तथा गायक भण्डारीको संगीत छ । रिजन नेपालको युट्युब च्यानलकाट सार्वजनिक भएको गीतलाई कृष्ण केसीले एरेञ्ज गरेका हुन् । म्युजिक फिल्म शैलीमा निर्माण भएको गीतको भिडियोमा जेरी भण्डारीको निर्देशन, कथा र पटकथा रहेको छ ।



शनिबार, ०१ मंसिर २०८१ (Saturday, November 16, 2024)

# 'भ्यालेन्टाइन डे'मा अनमोल र दयाहाङ आमने-सामने



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी फागुन २ गते भ्यालेन्टाइन डेको अवसरमा अनमोल केसी र दयाहाङ राई आमने सामने हुने भएका छन् । अनमोल र दयाहाङका फिल्म फागुन २ गते एकसाथ रिलिज हुने भएपछि दुवै सुपरस्टार आमने सामने हुने भएका हुन् ।

अभिनेता दयाहाङ राई अभिनीत फिल्म 'दुःखी आत्मा' र अभिनेता अनमोल केसी स्टारर फिल्म 'जेरी अन टप' एकसाथ प्रदर्शनमा आउने भएका छन् ।

शुक्रबार 'दुःखी आत्मा'ले फागुन २ गतेलाई प्रदर्शन मिति घोषणा गरेपछि दुवै सुपरस्टारको भिडन्त तय भएको हो ।

यसअघि 'जेरी अन टप' को निर्माण टिमले छायांकनमा जानुभन्दा अघि नै 'भ्यालेन्टाइन डे' को रिलिज मिति घोषणा गरेको थियो । अहिले यो फिल्म छायांकनमा रहेको छ । त्यस्तै 'दुःखी आत्मा' भने छायांकन सकिएर यतिबेला पोस्ट प्रोडक्सनमा रहेको छ ।

दयाहाङ र अनमोलबीच बक्स अफिसमा पहिलो पटक प्रतिस्पर्धा हुन लागेको भएपनि दुवै फिल्ममा प्रमुख भूमिकामा रहेकी अभिनेत्री आँचल शर्मालाई भने सकस हुने भएको छ ।

निर्देशक दीपेन्द्र लामाको निर्देशनमा तयार भएको 'दुःखी आत्मा' मा दयाहाङ र आँचलसहित अनुपविक्रम शाही, बुद्धि तामाङ, रेअर राई लगायतको अभिनय छ ।

त्यस्तै फिल्म 'जेरी अन टप' मा अनमोलसँगै केदार घिमिरे (माग्ने बुढा), विपना थापा, अनमोल केसी, आँचल शर्मा, जसिता गरुङ लगायतको अभिनय रहेको छ । सुयोग गुरुङको निर्देशनमा बन्न लागेको फिल्ममा भुवन केसी, सुरक्षा पन्त, निर्मल शर्मा, संगीता मगर, सुष्मा निरौला लगायतको पनि अभिनय रहको छ ।

# 'मलाई महानायक नभन्नुहोस्'

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र निर्माता तथा कलाकार दीपकराज गिरी आफूलाई 'महानायक' भन्दै व्यंग्य गर्नेहरूविरुद्ध कठोर निर्णय लिएका छन् । उनले अब आइन्दा महानायक भन्नेहरूलाई सामाजिक सञ्जालबाट ब्लक गरिदिने घोषणा गरेका छन् ।

आज बिहान दीपकराजले फेसबुकमा एउटा सामान्य स्टाटस लेखेका थिए । उनको स्टाटस थियो, 'फेसबुकको पर्खाल आफ्नो विचार पोख्ने थलो हो, यहाँ आफूलाई के मन पर्छ त्यो लेख्ने हो दुनिया'लाई के मन पर्छ त्यो लेख्ने होइन शुभदिन !' यो स्टाटसमा केही व्यक्तिले 'महानायक' भन्दै घोचपेच गरेपछि दीपकराजको धैर्यता भंग भएको हो ।



उनले आफ्नो स्टाटसमा कमेन्ट गर्दै लेखेका छन्, 'अर्को सानो जानकारी गराउँदैछु । आजबाट जस जस्ले मलाइ महानायक सम्बोधन गर्नु हुन्छ उहा'लाइ मेरो फेसबुकमा ब्लक गर्दैछु , यो पद न मैले कहिले दाबी गरेको थिएँ न गर्नेछु तर मैले बारम्बार भन्दा पनि भेडापन्थी देखाउने मानिस कमसेकम मेरो फेसबुकमा जोडिन सक्दैन फरक विचार स्वागत, असभ्यता अस्वीकार शुभदिन !'

दीपकराजकी सहकलाकार दीपाश्री निरौलाले एक अन्तर्वार्तामा राजेश हमालको महानायकत्वमाथि प्रश्न उठाएपछि विवाद उब्जिएको थियो । उक्त विवादले उग्ररूप लिँदै गएपछि दीपकराजले दीपाश्रीको बचाउमा मुख खोलेका थिए । त्यसपछि हमालका समर्थकले दीपकराजलाई होच्याएर 'महानायक' भन्ने गरेका हुन् ।

# 'लु सुन : नेपाली साहित्यकारका दृष्टिमा' पुस्तक लोकार्पित

■ प्रभाव संवाददाता

**काठमाडौं–** देवकोटा-लु सुन प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित 'लु सुनः नेपाली साहित्यकारका दृष्टिमा' कृतिको विमोचन गरिएको छ ।

प्रतिष्ठानको १३औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव एवं पूर्वपरराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली, नेपालका लागि चिनियाँ दूतावासका डेपुटी चिफ अफ मिसन वाङ सिङ, प्रतिष्ठानका अध्यक्ष सुनिलकुमार पौडेल, डा महेश मास्के, डा राजेन्द्रप्रसाद अधिकारी, प्रतिष्ठानका पूर्वअध्ययक्ष निनु चापागाईंलगायतबाट पुस्तकको लोकार्पण गरिएको हो ।

कार्यक्रममा डा मास्केले महाकवि लक्ष्मीप्रसाद देवकोटाबारे एउटा विशेषवार्ता प्रस्तुत गरेका थिए । गणराज्य चीनका सांस्कृतिक क्रान्तिका नायक लु सुनबारे डा अधिकारीले गहन वार्ता प्रस्तुत गरेका थिए ।

डा मास्केले देवकोटालाई हिन्दी साहित्यका छायावादी कवित्रय प्रसाद, पन्त र निरालाका समकक्षी, प्रतिनिधित्व एक्लै गर्न सक्षम छन् भन्ने भारतीय विद्वान् राहुल सांकृत्यायनको प्रसिद्ध भनाइ उद्धृत गर्दै देवकोटा कसरी लु सुनजस्तै जनजीवनकै गीत गाएर आफ्ना कृतिमा रम्न सके भन्नेबारे अध्ययन गर्नुपर्नेमा जोड दिए । नेता ज्ञवालीले देवकोटा र लु सुन क्रमशः नेपाल र चीनका दुई महान् हस्ताक्षर भएकाले प्रतिष्ठानले उनीहरूका व्यक्तित्व र कृतित्वलाई थप चिरस्थायी गराउन भूमिका निर्वाह गरेको बताए ।

डा अधिकारीले नेपाली समाजमा म्याक्सिम गोर्की, प्रेमचन्द र लु सुन अत्यधिक पढिने उल्लेख गर्दै वर्तमान परिवेशमा लु सुनका सांस्कृतिक क्रान्ति जगाउन सक्षम धारणालाई नेपाली समाजमा अनुशरण गर्न सकिन्छ भन्नेबारे चिन्तन, मनन आवश्यक रहेको बताए ।

कार्यक्रममा नेपालबाट दिलसुन्दर श्रेष्ठ, मेलसम ओझा, सुनिता भट्टराई, स्नेह सायमी, डा उपेन्द्र गौतम, बालकृष्ण श्रेष्ठ, जितेश महर्जनको उपस्थिति थियो भने चीनका डुवाङ स्लिङ (सांस्कृतिक सचिव, चिनियाँ दूतावास), सु भिजाएलगायत सहभागी थिए । कार्यक्रममा जनगायक जीवन शर्माले लु सुनद्वारा रचित तथा शान्तदास मानन्धरद्वारा नेपाली भाषामा अनुदित गीत 'यो संसारमा मैले के गर्न सक्थें' बोलको गीत प्रस्तुत गरेका थिए ।

## रंगशाला

# यु-१९ महिला क्रिकेट टोलीलाई एनपिएलका टोलीले १० लाख दिने



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपीएल)मा सहभागी टोलीहरूले आइसिसी यु-१९ महिला टि-२० विश्वकपमा छनोट भएको नेपाली यु-१९ महिला क्रिकेट टोलीलाई पुरस्कार दिने घोषणा गरेका छन् । संयुक्त रूपमा एनपीएलमा आबद्ध टोलीहरूले नेपाली यु-१९ महिला क्रिकेट टोलीलाई रु १० लाख दिने घोषणा गरेका हुन् ।

युनाइटेड अरब इमिरेट्स (युएई)मा भएको आइसिसी यु-१९ महिला टि-२० विश्वकपको एसिया छनोटको अन्तिम खेलमा युएईलाई आठ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको थियो ।

नेपाली यु-१९ महिला क्रिकेट टोली बिहीबार साँझ स्वदेश फर्किसकेको छ । यसअघि नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली टोलीका खेलाडीलाई प्रोत्साहनस्वरूप जनही रु दुई लाख ५० हजार पुरस्कार दिने घोषणा गरेको थियो ।

यु-१९ महिला विश्वकप क्रिकेट सन् २०२५ मा मलेसियामा आयोजना हुँदैछ । त्यसअघि नेपालले यु-१९ एसिया कप खेल्नेछ । आगामी मङ्सिर ३० गतेदेखि मलेसियामा हुने एसिसी यु-१९ महिला एसिया कपमा नेपालसहित छ टोलीको सहभागिता रहने छ ।

एसियाली क्रिकेट परिषद् (एसिसी) अनुसार समूह 'ए' मा नेपालसहित भारत र पाकिस्तान छन् भने समूह 'बी'मा बंगलादेश, श्रीलङ्का र मलेसिया छन् । नेपालले पुस १ गते पाकिस्तानसँग र पुस २ गते भारतसँग प्रतिस्पर्धा गर्नेछ ।

# भरतपुर महानगरपालिकाले सम्मान गर्ने

■ प्रभाव संवाददाता

**चितवन–** भरतपुर महानगरपालिकाले नेपाली महिला यू-१९ क्रिकेट टिममा छनोट भएका १४ खेलाडीलाई सम्मान गर्ने भएको छ । नेपाल चिकित्सक संघले गरेको एनएमए स्पोर्ट्स फिस्टको उद्घाटनमा उनले उक्त घोषणा गरेकी हुन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको नमुना मैदानमा गत माघमा ६ दिनसम्म प्रतियोगिता सञ्चालन भएको थियो । ७ प्रदेशका देशभरका ११५ खेलाडी सम्मेलित प्रतियोगिताबाट २४ जना खेलाडीहरू विश्वकपको क्याम्पका लागि छनोट भएका थिए । २४ जनामध्येबाट छानिएका १४ जना महिला खेलाडी विश्वकपका लागि छनोट भएका हुन् ।

सन् २०२७ मा हुने यू-१९ विश्वकप क्रिकेट प्रतियोगिताका केही खेल नेपालमा गर्ने आईसीसी भरतपुरको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा खेलाउने इच्छा रहेको बताइन् । नेपाल क्रिकेट संघ (क्यान) लाई यसका लागि आवश्यक वातावरण मिलाइदिन समेत उनले आग्रह गरिन् ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी)ले निकालेको तालिकाअनुसार सन् २०२७ को महिला यू-१९ विश्वकप नेपाल र बंगलादेशमा हुनेछ ।

# अन्तरकलेज च्याम्पियनसिप पुस अन्तिममा

■ प्रभाव संवाददाता

**काठमाडौं–** ई-स्पोर्ट्स संघ नेपाल (ईशान)को आयोजनामा अन्तर कलेज ई-स्पोर्ट्स च्याम्पियनसिप पुस २६ र २७ गते आयोजना हुने भएको छ । संघको वार्षिक क्यालेन्डर अनुसार कलेजस्तरको प्रतियोगिता पुसको अन्तिम साता काठमाडौंको बसुन्धारास्थित साउथ वेस्टन कलेजमा हुने भएको हो । प्रतियोगितामा पब्जी मोबाइल, एमएलबीबी, ईफुटबल र फ्रि-फायर गरी चार विधालाई समावेश गरिएको छ । करिब ५ लाख पुरस्कार राशी रहने प्रतियोगितामा देशभरका कलेजका विद्यार्थीले सहभागिता जनाउन सक्नेछन् ।

चार खेल विधाका विजेता टिम तथा खेलाडीलाई ५ लाख रूपैयाँको पुरस्कार रकम बाँडिनेछ । ईशानको वेब साईटमा गएर खेलाडीले प्रतियोगिताका लागि नाम दर्ता गर्न सक्नेछन् ।




खेलाडी दर्ता मंसिर २ गतेदेखि सुरु हुनेछ र मंसिर ३० गतेसम्म चल्नेछ । छनोट खेल अनलाइनमार्फत र फाइनल खेल ल्यान इभेन्टको रूपमा पुस २६ र २७ गते सञ्चालन गरिने तालिका रहेको छ ।

प्रतियोगितामा देशभरका कलेजबाट सहभागिता जनाउने सकिने आयोजक संघका सचिव आशिष दाहालले बताए । सम्बन्धित कलेजको सिफारिस पत्रका आधारमा खेलाडीले प्रतियोगितामा नाम दर्ता गर्न सक्नेछन् ।

खेलाडीको सिफारिससँगै सहभागी हुने सम्बन्धित कलेजले इशानको ई-स्पोर्ट्स क्लबमा आबद्धताका लागि पत्र समेत दिनुपर्नेछ ।

खेलाडीको ग्रासरुट मानिने विद्यालय कलेजमा ई-स्पोर्ट्स क्लब गठन गरेर सम्बन्धित खेल र खेलाडीको विकासमा तल्लो तहबाट काम गर्ने उद्धेश्यले प्रतियोगितासँगै सबै कलेजमा ई-स्पोर्ट्स क्लब बनाउन लागिएको दाहालले बताएका छन् ।

# विश्वकप छनोटः बराबरीमा रोकियो ब्राजिल, अर्जेन्टिना पराजित



**काठमाडौं (एजेन्सी)–** दक्षिण अमेरिकी क्षेत्रको विश्वकप छनौट अन्तर्गत ब्राजिल बराबरीमा रोकिएको छ । शुक्रबार बिहान सम्पन्न खेलमा ब्राजिल भेनेजुएलासँग १-१ गोलको बराबरीमा रोकिएको हो । खेलको ४३औं मिनेटमा राफिन्हाको गोलमा ब्राजिलले अग्रता हासिल गरेपनि खेलको ४६औ मिनेटमा टेलास्को सेगोभियाको गोलमा भेनेजुएलाले बराबरी गोल गरेका थिए ।

यस खेलमा खेलको ८९औं मिनेटमा अलेक्जण्डर गोन्जालेजले रातो कार्ड पाएका थिए । यो बराबरीपछि ब्राजिलको ११ खेलमा १७ अंक भएको छ र अंक तालिकामा तेस्रो स्थानमा रहेको छ । त्यस्तै भेनेजुएलाको ११ खेलमा १२ अंक रहेको छ र अंक तालिकामा सातौं स्थानमा छ ।

### अर्जेन्टिना पराजित

अर्जेन्टिना दक्षिण अमेरिकी क्षेत्रको विश्वकप छनौट अन्तर्गतको खेलमा पराग्वेसँग पराजित भएको छ । शुक्रबार सम्पन्न खेलमा पराग्वेले अर्जेन्टिनालाई २-१ गोल अन्तरले पराजित गरेको हो । पराग्वेको जितमा एन्टोनियो सानाबरिया र ओमार अलडेरेटेले एक एक गोल गरेका थिए । त्यस्तै अर्जेन्टिनाका लागि एक गोल लाउतारो मार्टिनेजले गरेका थिए ।

यो विश्वकप छनौटमा अर्जेन्टिनाको तेस्रो हार हो । यो हारपछि अर्जेन्टिनाको ११ खेलमा २२ अंक रहेको छ र शिर्ष स्थानमा रहेको छ । त्यस्तै पराग्वेको यो जितपछि ११ खेलमा १६ अंक भएको छ र लिगमा छैटौं स्थानमा रहेको छ ।

# ६०६ रनको कीर्तिमानी साझेदारी

**काठमाडौं (प्रस)–** भारतीय घरेलु क्रिकेटमा दुई ब्याट्सम्यानले ६०६ रनको साझेदारी गरेर नयाँ किर्तिमान बनाएका छन् ।

जारी भारतीय घरेलु लिग रणजी ट्रफी अन्तर्गतको खेलमा गोवाका ब्याट्सम्यान स्नेहल कौथनकर र कश्यप बक्लेले अरुणाचल प्रदेशविरुद्ध ६०६ रनको साझेदारी गरेर नयाँ किर्तिमान बनाएका हुन् । प्लेट समूहको खेलमा दुवैले रणजी ट्रफीको इतिहासमा अहिलेसम्मकै ठूलो अविजित ६०६ रनको साझेदारी गरेका थिए । गोवाका स्नेहलले २१५ बलमा ३१४ रनको इनिङ खेलेका थिए भने कश्यप बक्लेले २६९ बलमा ३ सय रन बनाएका थिए । दुवै अविजित रहेका थिए ।

अरुणाचल प्रदेशको टोली पहिलो इनिङ्समा ८४ रनमा आउट भएको थियो । जहाँ गोवाले दुई विकेट गुमाएर ७२७ रन बनाएर इनिङ्स घोषणा गरेको थियो । जवाफमा अरुणाचल प्रदेशका खेलाडीले ९२ रन बनाएर अलआउट भएपछि यो खेल गोवाले एक इनिङ्स र ५५१ रनले जित्यो ।

रणजी ट्रफीमा यसअघि २०१६ मा महाराष्ट्रका स्वप्निल गुगाले र अंकित बावनेको नाममा ५९४ रनको साझेदारीको किर्तिमान रहेको थियो । दुवैले दिल्लीविरुद्ध सो साझेदारी गरेका थिए ।

# चन्द्रमाको टाढाको भागमा पनि ज्वालामुखी विष्फोट भएको पुष्टि

**न्युयोर्क–** हामीले देख्न सक्ने भागमा जस्तै चन्द्रमाको रहस्यमय टाढाको भागमा पनि अर्बौं वर्षअघि ज्वालामुखी विष्फोट हुने गरेको नयाँ अनुसन्धानले पुष्टि गरेको छ ।

अन्वेषकहरूले चीनको चांग'ई-६ ले फिर्ता ल्याएको चन्द्रमाको माटोको विश्लेषण गरेका थिए । यो थोरै अन्वेषण गरिएको टाढाको छेउबाट चट्टान र माटो लिएर फर्केको पहिलो अन्तरिक्ष यान हो । दुई अलग-अलग टोलीले लगभग दुई अर्ब ८० करोड वर्ष पुराना ज्वालामुखीय चट्टानका टुक्राहरू फेला पारेका थिए । एउटा टुक्रा अझै पुरानो थियो । यसको उमेर चार अर्ब २० करोड वर्ष थियो ।



'यस क्षेत्रबाट नमूना प्राप्त गर्न साँच्चै महत्त्वपूर्ण छ किनकि यो त्यस्तो क्षेत्र हो जसको बारेमा हामीसँग कुनै तथ्यांक छैन,' अनुसन्धानमा संलग्न नभएका एरिजोना विश्वविद्यालयका ग्रहीय ज्वालामुखी विशेषज्ञ क्रिस्टोफर ह्यामिल्टनले भने ।

पृथ्वीबाट देखिने चन्द्रमाको नजिकको भागमा यस्तै समय अवधिमा सक्रिय ज्वालामुखीहरू थिए भन्ने वैज्ञानिकहरूलाई थाहा छ । नासाको लुनार रेकोनेसेन्स अर्बिटरलगायतका पूर्वअध्ययनहरूले टाढाको भागमा पनि ज्वालामुखीय इतिहास हुनसक्ने संकेत गरेका थिए । पृथ्वीबाट टाढा रहेको त्यस क्षेत्रबाट लिइएका पहिलो नमूनाहरूले सक्रिय इतिहासको पुष्टि गर्दछन् ।

यी नतिजाहरू शुक्रबार नेचर एण्ड साइन्स जर्नलमा प्रकाशित भएका थिए । चीनले चन्द्रमामा धेरै अन्तरिक्ष यान प्रक्षेपण गरेको छ । सन् २०२० मा चांग'ई-५ अन्तरिक्ष यानले नजिकको भागबाट चन्द्रमाका चट्टानहरू फिर्ता ल्याएको थियो । यो नासाका अपोलो अन्तरिक्षयात्री र सोभियत संघका अन्तरिक्षयानले सन् १९७० को दशकमा संकलन गरेपछिको पहिलो थियो । चांग'ई-४ अन्तरिक्षयान सन् २०१९ मा चन्द्रमाको टाढाको भागमा पुग्ने पहिलो यान बनेको थियो ।

चन्द्रमाको टाढाको भाग क्रेटरहरूले भरिएको छ र नजिकैको समतल, अँध्यारो मैदानहरू लाभा प्रवाहद्वारा कुँदिएका छन् । अध्ययनका सहलेखक चिनियाँ एकेडेमी अफ साइन्सेसका क्यु-ली लीका अनुसार यी दुई भाग किन यति फरक छन् भन्ने कुरा अझै रहस्यमा नै छ ।

लीका अनुसार नयाँ खोजहरूले चन्द्रमाको टाढाको भागमा एक अर्ब वर्षभन्दा बढी समयसम्म भएका ज्वालामुखी विष्फोटहरूको जानकारी दिन्छन् । भविष्यको अनुसन्धानले यो गतिविधि कसरी यति लामो समयसम्म टिक्यो भन्ने कुरा निर्धारण गर्ने छ । *रासस/एपी*

# गाजा युद्धविरामका लागि हमास 'तयार', इजरायललाई 'दबाब' दिन ट्रम्पलाई आग्रह

**जेरुसलेम–** हमासका एक वरिष्ठ अधिकारीले शुक्रबार उक्त समूह गाजामा 'युद्धविरामका लागि तयार' रहेको बताउँदै अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पसमक्ष इजरायललाई युद्ध अन्त्य गर्न दबाब दिन आग्रह गरेका छन् ।

'यदि युद्धविराम प्रस्ताव प्रस्तुत गरिन्छ र त्यो इजरायललाई मान्य हुन्छ भने हमास गाजा पट्टीमा युद्धविराममा पुग्न तयार छ, हामी अमेरिकी प्रशासन र ट्रम्पसमक्ष इजरायली सरकारलाई आक्रमण अन्त्य गर्न दबाब दिन आह्वान गर्दछौं,' हमासको राजनीतिक ब्युरोका सदस्य बासेम नइमले भने, 'विस्थापित मानिसहरूको फिर्ती, कैदीहरूको आदानप्रदानका लागि गम्भीर सम्झौता, मानवीय सहायता र पुनर्निर्माणको पहुँच दिनेगरी गाजा पट्टीबाट प्रस्तुत गरिएको कुनै पनि प्रस्तावले स्थायी युद्धविराम र सैन्य फिर्ताको समझदारीमा पुग्न सहयोग गर्ने छ भनेर हमासले मध्यस्थकर्ताहरूलाई जानकारी दिएको छ ।'

उक्त माग गत वर्षको अक्टोबर ७ मा इजरायलमाथि भएको हमासको आक्रमणपछि सुरु भएको युद्धविराम वार्ताहरूमा तोकिएका बुँदाहरू हुन् । चुनावी प्रचार अभियानमा ट्रम्पले मध्यपूर्वमा शान्तिको वाचा गरेका थिए र इजरायललाई अझ स्वतन्त्रता दिने प्रतिबद्धता जनाएका थिए ।

हमास र इजरायलले वार्तामा 'गम्भीरता' नदेखाएसम्म गाजाको युद्धविराम र बन्धक मुक्तिका लागि प्रमुख मध्यस्थकर्ताका रूपमा आफ्नो भूमिका निलम्बन गरेको कतारले शनिबार बताएपछि नइमको टिप्पणी आएको हो । सन् २०१२ देखि अमेरिकी आशीर्वादमा हमासको राजनीतिक नेतृत्वलाई आफ्नो भूमिमा आश्रय दिएको कतारले गत अक्टोबर ७ मा इजरायलमाथि भएको हमासको आक्रमणले सुरु गरेको युद्ध अन्त्य गर्ने लक्ष्यका लागि महिनौंदेखि लम्बिएको कूटनीतिक प्रयासबाट पछि हट्ने घोषणा गरेको थियो ।इजरायली आधिकारिक तथ्यांकको एएफपीले गरेको गणनाअनुसार हमासको आक्रमणमा अधिकांश सर्वसाधारणसहित एक हजार २०६ जनाको मृत्यु भएको थियो ।

स्वास्थ्य मन्त्रालयका आँकडाअनुसार गाजामा भएको इजरायलको प्रतिक्रियात्मक अभियानमा हमास प्रशासित क्षेत्रमा ४३ हजार ७६४ मानिसको मृत्यु भएको छ । तीमध्ये धेरै सर्वसाधारण थिए । *रासस/एएफपी*

# सात चिनियाँ गाउँलाई राष्ट्रसंघीय उत्कृष्ट पर्यटन गाउँको पुरस्कार

**बेइजिङ–** संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठन (युएन टुरिजम) ले यस वर्षको छनोटमा चीनका सातवटा गाउँलाई 'उत्कृष्ट पर्यटन गाउँ' का रूपमा सम्मान तथा पुरस्कृत गरेको संस्कृति तथा पर्यटन मन्त्रालयले जनाएको छ । बेइजिङको स्थानीय समयअनुसार शुक्रबार कोलम्बियाको कार्टाजेनामा आयोजित राष्ट्रसंघीय पर्यटन बैठकमा उक्त पुरस्कारको घोषणा गरिएको हो ।

पुरस्कृत हुनेमा युन्नानको आझेके, फुजियानको गुआन्याङ, हुनानको शिबाडोङ, सिचुआनको ताओपिङ गाउँ, अनहुईको सियाओगाङ गाउँ, झेजियाङको जिटोउ र सान्डोङको यान्दुन्जियाओ रहेका छन् । चीनको ग्रामीण पर्यटन विकासमा उल्लेखनीय भूमिका खेलेका पूर्वी, मध्य र पश्चिमी क्षेत्रहरूमा फैलिएका गाउँहरू भूगोल, संस्कृति र विकास नमूनाको सन्दर्भमा प्रतिनिधिमूलक गाउँहरू हुन् ।

उदाहरणका लागि, युनेस्कोको विश्व सम्पदा स्थल होंगे हानी राइस टेरेसको मध्य बिन्दुमा अवस्थित युन्नानको अझेक गाउँले पर्यटन विकासका लागि उल्लेखनीय कार्य गरेको जनाइएको छ । यस गाउँका बासिन्दाहरूले सामूहिक सहभागिता र साझा समृद्धिको मोडेल सिर्जना गर्दै घर र परम्परागत जीवनशैलीजस्ता स्रोतमार्फत पर्यटन प्रवर्द्धनमा योगदान गरेका छन् ।

ग्रामीण पर्यटन प्रवर्द्धन गर्न, राष्ट्रसंघीय पर्यटनले सन् २०२१ मा सर्वश्रेष्ठ पर्यटन गाउँ परियोजना सुरु गऱ्यो जसले ग्रामीण क्षेत्रको पोषण र सांस्कृतिक विविधता, स्थानीय मूल्य र परम्पराको संरक्षणमा अग्रणी रहेका विश्वका गाउँलाई मान्यता दिन्छ । *रासस/सिन्ह्वा*

# दक्षिण कोरियाली विपक्षी नेता ली निलम्बित



**सियोल–** दक्षिण कोरियाली अदालतले देशको विपक्षी नेतालाई चुनावी कानुन उल्लंघन गरेको आरोपमा शुक्रबार राजनीतिबाट निलम्बित गरी जेल सजाय सुनाएको छ । यो फैसलाले अर्को राष्ट्रपति निर्वाचनमा भाग लिनबाट उनलाई रोक्न सक्छ ।

सियोल केन्द्रीय जिल्ला अदालतले मुख्य विपक्षी डेमोक्रेटिक पार्टीका नेता ली जे-म्युङलाई सार्वजनिक आधिकारिक निर्वाचन ऐनको उल्लंघन गर्दै झूठो बयान दिएकोमा दोषी ठहर गरेको हो । अदालतले उनलाई एक वर्षको जेल सजाय र दुई वर्षका लागि राजनीतिक प्रतिस्पर्धामा सहभागी हुनबाट निलम्बन गरेको अदालतको प्रवक्तालाई उद्धृत गर्दै एएफपीले जनाएको छ । यो मुद्दा सन् २०२२ को चुनावी अभियानमा लीले दिएको बयानसँग सम्बन्धित छ ।

फैसलापछि लीका आक्रोसित समर्थकहरू अदालत बाहिर भेला भई उनको पक्षमा नाराबाजी गरेका थिए । नेता लीले फैसलालाई कोरियाली इतिहासको कालो दिन मान्ने वाचा गर्दै फैसला स्वीकार गर्न निकै गाह्रो भएको बताएका छन् । उनले भने, 'मलाई विश्वास छ कि हाम्रा जनताले सामान्य ज्ञान र न्यायको भावना प्रयोग गरेर आफ्नै निष्कर्षमा पुग्न सक्छन् ।'

सन् २०२७ मा हुने दक्षिण कोरियाको आगामी राष्ट्रपति चुनावमा लीलाई प्रमुख दाबेदारका रूपमा हेरिएको छ । यद्यपि, लीले धेरै कानुनी मुद्दाहरूको सामना गर्नुपरेको छ । लीले सन् २०२१ डिसेम्बरमा विवादास्पद विकास परियोजनाका प्रमुख व्यक्तित्त्व किम मुन-कीलाई नचिनेको भनी झूठो बयान दिएका थिए । किम केही दिनअघि मृत फेला परेका थिए तर उनको मृत्युको बारेमा प्रहरीले प्रमाण फेला नपारेको जनाएको छ । अभियोजकहरूले लीलाई दुई वर्षको जेल सजायको माग गरेका थिए ।

सन् २०२१ मा संसदीय सुनुवाइका क्रममा भूमि, पूर्वाधार र यातायात मन्त्रालयले स्थानीय अधिकारीहरूलाई अर्को विवादास्पद विकास परियोजनाका लागि 'दबाब' दिएको भन्दै झूठ बोलेको आरोप पनि लीमाथि लगाइएको छ ।

फैसला कार्यान्वयन भयो भने, दक्षिण कोरियाली कानुनले लीको संसदीय सिट खारेज गरी अर्को पाँच वर्षसम्म सार्वजनिक पदका लागि प्रतिबन्ध लगाउने छ । प्रतिबन्धले सन् २०२७ को राष्ट्रपतीय निर्वाचनमा उनलाई उम्मेदवार बन्नबाट रोक लगाउने छ । *रासस/एएफपी*


## साउदीमा रोजगार
कम्पनी : ALI MUHAMMAD JAAFARI OPERATION & MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/२९ | LT. No. 313476 | चलानी नं. ६०२२८०७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## कुवेतमा रोजगार
कम्पनी: AL-RAED SECURITY CO.

पूर्व स्वीकृत मिति : २०८१/०७/२३ | LT. No. 313145 | चलानी नं ६०२२८०९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 125 | ५४,६६१ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: EASA HUSAIN AL-YOUSIFI & SONS GROUP GEN. TRAD. & CONT. CO.

पूर्व स्वीकृत मिति : २०८१/०७/२९ | LT. No. 313513 | चलानी नं ६०२२८०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 14 | 0 | 110 | ४८,१०२ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | salesman | 10 | 0 | 150 | ५६,५९४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ८ गते (23th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/- कामदार आफैले | १०,०००/- | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Namo Buddha Recruitment Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168, E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com, Website : www.namobuddharecruitment.com
श्रम ईजाजत नं. 1370/074/075

## युएइमा रोजगार
कम्पनी : Emarat Aloula Contracting One Person Company L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/२९ | LT. No. 313629 | चलानी नं. ६०२२८०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaners | 0 | 10 | 850 | ३१,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaners (Janitorial) | 60 | 0 | 800 | २९,४०० | | | | | | | |
| 3 | Pest Control Technicians | 2 | 0 | 1200 | ४४,१०५ | | | | | | | |
| 4 | Tea Boy | 3 | 0 | 850 | ३१,२४० | | | | | | | |
| 5 | Team Leaders | 5 | 0 | 1400 | ५१,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ८ र ९ गते (23 & 24Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

## साउदीमा रोजगार
कम्पनी : HORIZON TRADING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 313694 | चलानी नं. ६०२२८०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage (Restaurant) | 10 | 0 | 1500 | ५३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Noor Overseas Pvt. Ltd
श्रम इजाजत नं. १०८८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## बहराइनमा रोजगार
कम्पनी : VAN GOGH DESIGNS

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 313772 | चलानी नं. ६०२२८०९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker/general Worker | 10 | 0 | 100 | ३५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour-plumber | 4 | 0 | 120 | ४२,८३० | | | | | | | |
| 3 | Masion | 4 | 0 | 120 | ४२,८३० | | | | | | | |
| 4 | Skilled Gypsum Carver | 4 | 0 | 120 | ४२,८३० | | | | | | | |
| 5 | Wall Painter | 4 | 0 | 120 | ४२,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paramount Employment Consultant Pvt. Ltd.
Balkumari, Lalitpur, Tel: 01-5186269, 5186052
Email: admin@paramount-consultant.com, Web: paramountconsultant.com
श्रम ईजाजत नं. ४१७/०६०/६१

## युएईमा रोजगार
कम्पनी : SOKKAR BANAT BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 313662 | चलानी नं. ६०२२८०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 1500 | ५५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairstylist | 0 | 1 | 1500 | ५५,१३० | | | | | | | |
| 3 | Masseur | 0 | 1 | 1500 | ५५,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ९ गते (24th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
श्रम इजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## साउदीमा रोजगार
कम्पनी : Mesaieed Abdullah Al Shamry & Partners Trading & Contracting Co.

पूर्व स्वीकृति मिति : २०८१/०७/२९ | LT. No. 313555 | चलानी नं.६०२२८०१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales-Man | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAUDI HYDRODYNAMICS COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८१/०७/२९ | LT. No. 313557 | चलानी नं.६०२२८०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 5 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labours | 4 | 0 | 1000 | ३६,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कुवेतमा रोजगार
कम्पनी : wahaj kuwait hotel apartments company

पूर्व स्वीकृति मिति : २०८१/०७/३० | LT. No. 313690 | चलानी नं. ६०२२८०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Coffee Shop) | 2 | 2 | 150 | ६५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Cook | 10 | 0 | 180 | ७९,००५ | | | | | | | |
| 3 | Receptionist | 2 | 2 | 150 | ६५,८४० | | | | | | | |
| 4 | Waiter | 2 | 0 | 120 | ५२,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ८ गते (23rd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६०१०० | प्रति तोला - ० | प्रति तोला - १९१० |

## ऊर्जामन्त्री खड्का र जर्मनी राजदूतबीच भेटवार्ता



■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र नेपालका लागि जर्मनीका राजदूत डा. थमस प्रिन्जबीच शिष्टाचार भेटवार्ता भएको छ । ऊर्जा मन्त्रालयमा आज भएको भेटमा नेपाल र जर्मनबीच ऊर्जा सहकार्यका विविध विषयमा छलफल भएको थियो ।

भेटमा ऊर्जामन्त्री खड्काले जर्मनीले नेपालको आर्थिक विकासका लागि गरेको योगदानप्रति आभार व्यक्त गरे । उनले चिलिमे-त्रिशूली प्रसारण लाइन, लेखनाथ-दमौली प्रसारण लाइन, सौर्य ऊर्जा प्रवर्द्धनजस्ता परियोजनामा जर्मन सरकारले गरेको योगदानप्रति कृतज्ञता व्यक्त गरे ।

मन्त्री खड्काले ऊर्जा क्षेत्रका आवश्यकतालाई सम्बोधन गर्न, क्षेत्रीय सहयोगलाई बढावा दिन र नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोगलाई प्रवर्द्धन गर्न जर्मन सरकारले सहयोग गरेका परियोजनाबाट निकै सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको भेटमा सहभागी मन्त्रालयका सचिव सुरेश आचार्यले जानकारी दिए । ऊर्जामन्त्री खड्काले भर्खरै सम्पन्न भएको आर्थिक तथा प्राविधिक सहयोग सम्झौतामार्फत नेपालमा जर्मनीले गरेको कुल ५६ मिलियन युरो बराबरको प्रतिबद्धताका लागि धन्यवाद दिए । भेटमा नेपालका लागि जर्मनीका राजदूत डा प्रिन्जले नेपालको ऊर्जा क्षेत्रको विकासका लागि आवश्यक प्रसारण लाइन र सौर्य ऊर्जाको विकासका लागि सहयोग गर्न पाउँदा खुसी लागेको बताएका थिए । उनले नेपाली जनताको जीवनस्तर उकास्नका लागि जर्मन सरकारले आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

भेटमा मन्त्री खड्कासँगै ऊर्जासचिव आचार्य, मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रबल अधिकारी, मन्त्रालयका सहसचिव जीवछ मण्डल, अर्थविज्ञ अमित श्रेष्ठ, मन्त्रीका निजी सचिव मनोज पन्थलगायतको सहभागिता थियो ।

## ‘बंगलादेशमा विद्युत् निर्यात ऐतिहासिक उपलब्धि’

■ प्रभाव संवाददाता



**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपालबाट बंगलादेश विद्युत् निर्यात हुनु नेपालका लागि ऐतिहासिक उपलब्धि भएको बताएका छन् । नेपालमा उत्पादित विद्युत् शुक्रबारदेखि बंगलादेश निर्यात शुभारम्भ कार्यक्रममा बोल्दै उनले भने, ‘दक्षिण एसियामा दिगो ऊर्जा भविष्यका लागि आजको दिन ऐतिहासिक हो ।’

उनले नेपाल विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटिपीसी विद्युत् व्यापार निगम लिमिटेडबीच गत असोज १७ गते त्रिपक्षीय विद्युत् बिक्री सम्झौतामा भएको हस्ताक्षरले यस उपलब्धिको लागि मार्ग प्रशस्त गरेको उल्लेख गरे । बंगलादेशमा विद्युत् निर्यातमा सहजीकरण गर्ने भारत सरकार र विद्युत् आयत गर्ने बंगलादेश सरकारलाई उनले धन्यवाद दिए । उक्त निर्यातले ऊर्जा सुरक्षा, आर्थिक वृद्धि र वातावरणीय दिगोपनलाई सहयोग पुगको उनको भनाइ थियो । ऊर्जामन्त्री खड्काले सम्झौता र निर्यातले दुई देशबीचको आर्थिक विकासलाई सहयोग पुग्नुका साथै एकताबद्ध हुन सहयोग पुग्ने बताए ।

नेपाल-भारत र बंगलादेशबीच गत असोज १७ (अक्टोबर ३)का दिन त्रिपक्षीय सम्झौता भइ भारतको केन्द्रीय विद्युत् प्राधिकरणले भारतीय प्रसारण लाइन हुँदै बंगलादेश विद्युत् निर्यातको अनुमति दिएको थियो । आजदेखि ४० मेगावाट बिजुली बंगलादेश निर्यात सुरु गरिएको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्का, भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टर र बंगलादेशका ऊर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार मोहमद फजुल कबिर खानले भर्चुअल माध्यमबाट बंगलादेश विद्युत् निर्यातको स्वीच अन गरेर औपचारिक शुभारम्भ गरेका हुन् ।

कार्यक्रममा भारतका विद्युतमन्त्री खट्टरले भारतको प्रसारण लाईन प्रयोग गरेर दक्षिण एशियाली मुलुकमा विद्युत् विस्तार गर्ने काम सराहनीय भएको बताए । उनले नेपालका विभिन्न जलविद्युत् परियोजनामा भारतले लगानी गरेको बताउँदै उक्त परियोजना सम्पन्नताले विद्युत् विस्तारमा थप सहजीकरण हुने विश्वास व्यक्त गरे ।

मन्त्री खट्टरले नेपालको विद्युत् उत्पादन विकासमा भारत सरकार सहयोग गर्न तयार रहेको बताए । हरित ऊर्जाको दीगो विकासका लागि यस्ता सम्झौताले सहयोग पुग्ने उनको भनाइ थियो ।

बंगलादेशका ऊर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार खानले क्षेत्रीय ऊर्जा समन्वयका लागि यस्ता सम्झौताले ठूलो सहयोग पुगेको बताए । यस्ता सहकार्यले एकीकृत ऊर्जा विकासमा दक्षिण एशियाली देशलाई समृद्ध बनाउँदै दीगो विकासलाई सहयोग पुग्ने उनको भनाइ थियो । उहाँले कार्वन उत्सर्जनलाई शून्यमा झार्ने नीति लिएको बंगलादेशलाई नवीकरणीय ऊर्जाको बाटोमा जान नेपालका जलविद्युत्ले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्यले त्रिदेशीय ऊर्जा सम्झौता र निर्यात दक्षिण एशियाको इतिहासमा लामो समयसम्म स्मरणीय हुने बताए ।

सम्झौता अनुसार नेपालले जुन १५ देखि नोभेम्बर १५ सम्म ४० मेगावाट विद्युत बंगलादेश निर्यात गर्नेछ । नेपालले निर्यात गरेको बिजुली ४०० केभी प्रसारण लाइन हुँदै ढल्केबरबाट भारतको मुजफ्फरपुर-बहरामपुर हुँदै बंगलादेशको भेरमारासम्म पुऱ्याइनेछ । यो यामका लागि आज एक दिन मात्र बिजुली निर्यात हुनेछ । कार्यक्रममा ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ, मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारी, परराष्ट्र मन्त्रालयका सहसचिव भृगु ढुंगाना, ऊर्जा मन्त्रालयका सहसचिवद्धय चिरञ्जीवी चटौत र जीवछ मण्डल, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतको सहभागिता रहेको थियो ।

## ‘बैंकिङ सेवालाई प्रतिस्पर्धी र व्यावसायिक बनाइनुपर्छ’

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले राष्ट्र बैंकको निर्देशनभित्र रहेर प्रतिस्पर्धी र व्यावसायिक बैंकिङ कारोबारमार्फत जनताको विश्वास जित्न आग्रह गरेका छन् । नेपाल बैंक लिमिटेडको ८८औं वार्षिकोत्सव समारोहमा उनले वित्तीय अनुशासन कायम गर्दै प्रतिस्पर्धात्मक बैंकिङ कारोबारमार्फत सेवालाई चुस्त र प्रभावकारी बनाउनुपर्ने खाँचो औंल्याए ।

गभर्नर अधिकारीले नेपाल बैंकले आफ्नो सेवा सुविधाहरूलाई थप विस्तार एवं नवप्रवर्तन गरी समयानुकूल प्रविधिमैत्री बैंकिङलाई आत्मसात् गर्दै आर्थिक विकास तथा रोजगारी सृजनामा अझ सशक्त भूमिका खेल्नुपर्नेमा जोड दिए । उनले डिजिटल बैंकिङमा देखिएका चुनौतीलाई सामना गर्दै विश्वसनीय र प्रभावकारी बैंकिङ सेवा प्रदान गर्ने दायित्वबाट कहिल्यै बिमुख नहुन आग्रह गरे । ‘विगतमा कमजोर व्यवस्थापनका कारण समस्यामा परेका नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकलाई जोगाएर उल्लेखनीय प्रगति हासिल गर्ने बैंकको रूपमा स्थापित भएको छ । यो बैंक धेरै दुःख गरेर ‘रिकभर’ भएको बैंक हो ।

राज्य र नियामकले ठूलो लगानी र जोखिम मोलेर बाह्य ऋणसमेत लिएर बैंकको रिकभर गरेको हो । त्यसैले जुन किसिमका नीति नियमन, निर्देशिका बने त्यसको प्रभावकारी कार्यान्यवनले नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकले प्रगति गरे । फेरि ‘मिस म्यानेजमेन्ट’का कुरा सुनिन थालेका छन् । त्यस्तो अवस्था आउन नदिन म बोर्ड र उच्च व्यवस्थापनको ध्यानाकर्षण गराउन चाहन्छु’, गभर्नर अधिकारीले भने ।

नेपालको पहिलो बैंकका रूपमा नेपाल बैंक लिमिटेडले देशको कुनाकाप्चासम्म औपचारिक बैंकिङ क्रियाकलाप पुऱ्याउनुका साथै बैंकिङमार्फत रोजगारीको अवसर सृजना गर्दै देशको आर्थिक विकासलाई प्रवर्द्धन गर्न बैंकको अग्रणी भूमिका रहेको उनको भनाइ थियो । बैंकका अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीले आगामी दिनमा सेवा प्रवाहलाई अझ बढी प्रतिस्पर्धी, प्रविधिमैत्री, सुरक्षित र विश्वसनीय बनाउँदै बैंकको संस्थागत सुशासन, जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरे ।बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेयले सरकार र निजी क्षेत्रको सहकार्यमा स्थापित भई सहकारिता र साझेदारिताको अनुपम उदाहरण बनेको बताए ।

## प्याजका बिरूवा बेचेर डेढ लाख कमाइ

**रामपुर (पाल्पा)–** रामपुरका गोविन्दप्रसाद दुवाडीले एक मौसममा प्याजका बिरुवा बेचर रु एक लाख ५० हजा बढी आम्दानी गर्छन् । विगत २८ वर्षदेखि व्यावसायिक रूपमा प्याजका बिरुवा उत्पादन गर्दै आएका उनी गाउँमा असल बिरुवा उत्पादक किसानका रूपमा चिनिन्छन् ।

रामपुर नगरपालिका-३ गण्डकीढिकस्थित कालीगण्डकी करिडोरको सडक छेउमा दुवाडीको घर छ । करिब एक रोपनी जग्गा प्याजका बिरुवा उत्पादन गर्न छुट्याएको उनले बताए । लामो समयदेखि निरन्तर रूपमा नर्सरी तयार गरी प्याजका बिरुवा उत्पादन तथा बिक्री गर्दै आएको उनको भनाइ छ । उनका अनुसार बिरुवा बिक्री गरेर एक सिजनमा रु एक लाख ५० हजारबढी आम्दानी हुन्छ । ‘बिरुवा उत्पादन गर्न धेरै समय नलाग्ने, कम लगानीमा मनग्ये आम्दानी लिन सकिन्छ’, दुवाडीले भने, ‘स्थानीय तथा बाहिरबाट आउने व्यापारीले यहाँबाट बिरुवा खरिद गरी लैजानुहुन्छ ।’ प्याज खरिद गर्न आउने ग्राहकले बन्दा, काउली, ब्रोकाउली, गोलभेँडालगायत बिरुवा खोज्ने भएकाले यी बिरुवा पनि उत्पादन थालेको उनले जानकारी दिए ।

दुवाडीका अनुसार प्याज रु एकको तीनवटा, काउली रु पाँचको एउटा, हाइब्रिड बन्दा रु पाँचको एउटा, स्थानीय बन्दा रु पाँचको दुईवटा, ब्रोकाउली रु १० को एउटा बिक्री भइरहेको छ । ‘प्याजका बिरुवा उत्पादनलाई प्रमुख व्यवसाय बनाएको छु । यहाँ आउने ग्राहकको सजिलोका लागि अन्य तरकारीका बिरुवा पनि उमार्ने गरेको हुँ’, उनले भने, ‘एकै ठाउँमा आफूलाई चाहिएको सबै जातका बिरुवा पाइने भएपछि ग्राहकलाई पनि सहज भएको छ ।’



आफूले रोप्न बिरुवा खरिद गर्दा रोजेर लैजान नदिएपछि अर्को वर्षदेखि आफैँले उत्पादन थालेको दुवाडीले बताए । आधाकिलो प्याजको बिउबाट व्यवसाय सुरु गरेको भन्दै बिरुवा उत्पादन राम्रो हुँदै गएपछि क्षेत्रफल पनि बढाउँदै लगेको उहाँले उल्लेख गरे । यहाँ उत्पादित बिरुवा काठमाडौं, पोखरा, नारायणगढ, तानसेन, बुटवल, स्याङ्जा, तनहुँ, नवलपरासीलगायत विभिन्न स्थानमा खपत हुने गरेको छ । यसवर्ष रु एक लाख ५० हजार बढीको आम्दानी हुने अनुमान गरिएको उनकी श्रीमती मतिकला दुवाडीले बताइन् । बिरुवा उखेल्ने र बिक्री गर्ने काममा श्रीमान् श्रीमती दिनभर खटेर काम गर्छन् ।

यात्रुले गाडी रोकेर बिरुवा खरिद गर्नाले उनीहरूलाई उखेलेर बेच्न भ्याइनभ्याइ हुने मतिकलाले बताइन् । ‘यात्रुले हरियाली बिरुवा देखेपछि गाडी रोकेर लैजाने गर्नुहुन्छ । हामीले तयारी बनाएर राखिदिने गरेका छौँ’, उनले खुसी हुँदै भनिन् ।

रामपुर-६ स्थित प्याक्लुक बस्ने राधिका बस्यालले पनि करिब एक रोपनी जग्गामा नर्सरी तयार पारेर बिरुवा उत्पादन गर्छन् । प्याज, काउली, बन्दा, ब्रोकाउली, गोलभेँडा उत्पादन सँगसँगै हुने भएकाले एक सिजनमा रु एक लाखबढी आम्दानी हुने गरेको उनले जानकारी दिए । तरकारी खेतीको तुलनामा छोटो समयमा बढी आम्दानी हुने भएकाले बिरुवा उत्पादनमा जोड दिएको उनको अनुभव छ ।

पछिल्लो समय घरायसी प्रयोजनका लागि घर-घरमा काउली, बन्दा, ब्रोकाउली, प्याज, गोलभेँडालगायत बिरुवा लगाउने चलन बढेकाले बजारीकरणको समस्या नभएको बस्यालले बताए । छोटो समयमा धेरै आम्दानी गर्न सकिने भएकाले पछिल्लो समय बिरुवा उत्पादनमा किसानको आकर्षण बढेको रामपुर नगरपालिकाका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले बताए । *रासस*

## आयात रोकिएपछि नेपाली महले बजार पाउन थाल्यो

**चितवन (प्रस)–** नेपालमा बाहिरबाट आउने महको आयात रोकिएसँगै यहाँका किसानले उत्पादन गरेको महले बजार पाउन थालेको छ । यसअघि आयात खुला हुँदा यहाँ उत्पादित महले बजार नपाउँदा थन्किएर बसेको थियो । नेपाल मौरीपालक महासंघका पूर्वअध्यक्ष शिव शर्मा पौडेलका अनुसार अहिले एक हजार दुई सय मेट्रिकटन मह बिक्री हुन बाँकी छ । सोमध्ये तीन सय मेट्रिकटन चितवनमा छ । यसअघि आयात खुला हुँदा तीन हजार एक सय ४५ मेट्रिकटन मह भण्डारणमा थियो ।

बाहिरबाट आयत गर्न सरकारले रोक लगाएसँगै यहाँ भण्डारण गरिएको मह बिक्री भएको हो । पूर्वअध्यक्ष शर्माले भने, ‘पुरानै मह भण्डारमा थन्किएको छ । आयात नखोल्दिने हो भने यो मह सकिन समय लाग्दैन ।’ आयात खोले पनि भन्सार दर ६० प्रतिशतले वृद्धि गर्न आवश्यक रहेको उनले बताए । नेपालमा अहिले एक लाख ६० हजार घार मेलीफेरा र एक लाख ७० हजार घार सेरेना मौरी रहेको पूर्वअध्यक्ष शर्माले जानकारी दिए । उनका अनुसार यी घारबाट वार्षिक चार हजार नौ सय मेट्रिकटन मह उत्पादन हुँदै आएको छ । यस वर्षको उत्पादन लिन सुरु हुन लागेको शर्माले बताए ।

महासंघका अध्यक्ष सुवासचन्द्र घिमिरेका अनुसार सरकारले गत वैशाखदेखि महको आयातमा रोक लगाएको छ । उनले भने, ‘अहिले विदेशी ठूला कम्पनीलेसमेत नेपालको मह खरिद गरेर बिक्रीवितरण गर्दै आएका छन् ।’ आफूहरूले सरकारलाई आयात नखोल्न आग्रह गरेको अध्यक्ष घिमिरेले बताउनुभयो । नेपालमा महको खपत वार्षिक नौ हजार दुई सय मेट्रिकटन हुने गरेको जनाउँदै उनले भने, ‘नेपालको महले नेपालीलाई पुग्दैन तर विडम्बना किसानको घरमा मह थन्किएर बसेको छ ।’ भारतबाट आयात हुने सस्तो महसँग नेपालको उत्पादनले प्रतिस्पर्धा गर्न नसकेको महासंघका अध्यक्ष घिमिरेको भनाइ छ । आयात रोकिए यहाँ उत्पादित महका लागि बजारको समस्या नहुने उनले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ